CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् श्रीकृष्ण

– खेमराज उपाध्याय 'केशवशरण'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् श्रीकृष्ण

लेखक- खेमराज उपाध्याय 'केशवशरण'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक– श्री वीरवहादुर राई

प्रथम संस्करण– १,००० प्रति, २०४५ साल

सबै अधिकार लेखकमा निहित

मूल्य–

पुस्तक पाइने ठेगाना–

(१) केशवकुटी, धर्मसडक, सिफल ।

(२) सनातनधर्म सेवासमिति, वेद विद्याश्रम, वनकाली ।

(३) सनातनधर्म सेवासमिति, धूलावारी शाखा,
धूलावारी, झापा ।

(४) सनातनधर्म सेवासमिति, म्याग्दी शाखा, म्याग्दी ।

मुद्रक– यौवन छापाखाना, पशुपति, देवपत्तन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(भूमिका)

प्रस्तुत पुस्तकमा विद्वान लेखक श्री खेमराज केशवशरण-ज्यूले भगवान श्रीकृष्णको 'नाम अनन्त, रूप अनन्त, धाम अनन्त' भन्नुभएको छ। अनन्तको व्याख्या संभव निश्चय पनि छैन। तथापि भगवान श्रीकृष्णको महानता उहाँलाई ब्रह्मको सगुण रूपमा हेर्दा केही सीमासम्म बुझ्नु संभव देखिन्छ। श्री केशव-शरणज्यूले त्यसै निमित्त भगवान श्रीकृष्णलाई 'जगद्गुरु', 'सत्य धर्मका संरक्षक' तथा 'परम तत्त्वरूप' मा हेर्ने प्रयत्न गर्नु-भएको लाग्दछ।

श्री केशवशरणको 'भगवान श्रीकृष्ण' पुस्तक पढ्नुभन्दा अघि मैले उहाँका धार्मिक सत्संगहरूमा भाग लिने एवं उहाँका प्रवचन सुन्ने सौभाग्य पाएको छु। नेपाली एवं संस्कृत दुवै भाषामा धाराप्रवाह बोल्न सक्ने उहाँको अनुपम प्रतिभा देख्दा स्वयं सरस्वतीले श्री केशवशरणज्यूलाई वरदान दिए जस्तो लाग्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'केशवशरण'– कहिलेकाहीं मनुष्यको नाम अत्यन्त सार्थक हुन पुग्दछ । भगवान श्रीकृष्णसम्वन्धी प्रस्तुत पुस्तकमा उहांको नामको सार्थकता प्रमाणित हुन पुगेको छ । निश्चय पनि उहाँ केशवको शरणमा पुग्न सक्षम हुनुभएको छ– पुस्तकको माध्यमद्वारा ।

उहाँले आफ्ना सत्संगहरूमा भागवतको व्याख्या र भजनको माध्यमद्वारा भगवानसित तादात्म्य स्थापित गर्ने प्रयत्न गर्नुभएको देखिन्छ । यो पुस्तकको माध्यमद्वारा उहाँको सत्संगमा भाग लिन नपाउनेहरूका निमित्त भगवानसित तादात्म्य स्थापित गर्ने मार्ग प्रदान गर्नुभएको छ ।

महाभारतमा भीष्मले श्रीकृष्णलाई पूजनीय अनन्त ईश्वरका रूपमा वासुदेव भनी सम्वोधन गरेका छन् । त्यरतै गोपीहरूले श्रीकृष्णलाई भगवान र भक्तका बीच तादात्म्यको माध्यम मान्दै कृष्ण स्वयंलाई भगवानका रूपमा आराधना गरेका छन् । कृष्ण नित्य चेतन आनन्दरूप परमात्मा हुँदा उहांलाई जगद्गुरुका रूपमा हेरे पनि, सत्य धर्मका संरक्षकका रूपमा हेरे पनि, परम तत्त्वका रूपमा हेरे पनि केही अन्तर पर्दैन। श्रीकृष्णले जगद्गुरुका रूपमा अतुलनीय भगवद्गीतामा 'कर्म, ज्ञान र भक्ति' को उपदेश दिनुभएको छ । यही उपदेशमा उहाँ जगद्गुरुका रूपमा देखिनुहुन्छ ।

धर्म भनेको कट्टरवाद होइन । यो निर्धारित कर्म-कर्तव्यको पर्याय हो । त्यसैले भगवान स्वयंले गीताको चौथो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यायको सत्रौं श्लोकमा भन्नुभएको छ– "कर्म के हो भनी मनुष्यले बुझ्नु पर्दछ । अर्थात् कर्मको तत्त्व उसले बुझ्नु पर्दछ । विकर्म अर्थात् विपरीत कर्मको पनि रहस्य बुझ्नु पर्दछ । त्यस्तै अकर्मको तत्त्व पनि बुझ्नु पर्दछ कर्मको गति गहन छ ।"

कर्मणो ह्यपि वोद्धव्यं वोद्धव्यं च विकर्मण: ।
अकर्मणश्च वोद्धव्यं गहना कर्मणो गति: ।।

कुनै कर्म वन्धनको कारक हुन्छ, कुनै कर्म मुक्तिको कारक हुन्छ । मुक्तिको कारक कर्मले ज्ञानतर्फ मनुष्यलाई प्रवृत्त गर्दछ । मुक्तिकारक कर्म गर्न नसक्ने मानिसलाई भगवानले भक्ति मार्ग प्रदान गर्नुभएको छ । भगवानको उपदेशले मनुष्यमा विवेक उत्पन्न हुने हुँदा भगवानले अन्तमा 'यथेच्छसि तथा कुरु' भन्नुभएको छ ।

यस्ता जगद्गुरु भगवान श्रीकृष्णका विषयमा श्री खेमराज केशवशरणज्यूले अत्यन्त बोधगम्य पुस्तक लेख्नुभएकोमा उहाँ हामी सबैका प्रशंसापात्र हुनुहुन्छ ।

रामशाह पथ, काठमाण्डू — देवेन्द्रराज उपाध्याय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ सम्मति

प्राध्यापक श्री खेमराज केशवशरणज्यूले लेख्नुभएको 'भगवान् श्रीकृष्ण' पूरै पढ्ने सुअवसर पाएँ। तीन पक्षलाई ध्यानमा राखेर भगवान् श्रीकृष्णको महिमागान गर्ने प्रयत्न केशवशरणज्यूले गर्नुभएको छ। संसारमा भएका सम्पूर्ण रज:कणलाई एकेक गरी गन्न र आँक्न कसैले सक्ला तर अनन्त भगवान्का गुणहरूलाई गन्न, वखान्न र आँक्न खोज्नु वालबुद्धि हो भन्ने व्यासदेवको निश्चय छ। लीलापुरुषोत्तम श्रीकृष्णको लीलाचरित्र अपरम्पार छ। यसतर्फ बुद्धि फर्कनु नै अहोभाग्य हो। निश्छल भावले उहाँको लीलागान गरिरहनु पर्छ, कति र कस्तो भो भन्ने मूल्याङ्कन गर्नु हुँदैन, हिसाव कितावमा लाग्नु हुँदैन। यो किताबले भगवान् श्रीकृष्णका विषयमा अरू वढी जान्ने रुचि जगाउन सक्नेछ भन्ने मलाई लागेको छ। केशवशरणज्यू अति परिश्रमशील प्राध्यापक हुनुहुन्छ। धार्मिक गतिविधिमा उहाँ बहुचर्चित हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मका बारेमा लेखेर, बोलेर उहाँ अघाउनुहुन्न, थाक्नुहुन्न; खोजिरहनुहुन्छ, दौडिरहनुहुन्छ । उहाँबाट अरू पनि ग्रन्थहरू, लेख, निबन्धहरू निस्किरहने आशा गर्दै परम आराध्य भगवान् श्रीकृष्णचन्द्रलाई साष्टाङ्ग दण्डवत् प्रणाम गर्छु ।

२०४४/११/२४/२ अम्बिकाप्रसाद अधिकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

समाजको निमित्त धार्मिक आध्यात्मिक विषयवस्तु भएको सत्साहित्य प्रकाशित हुँदै रहनु महत्त्वपूर्ण हुन्छ। धार्मिक क्षेत्रका प्रतिष्ठित विद्वान् श्रद्धेय आचार्य श्री खेमराज केशवशरणज्यूद्वारा लिखित 'भगवान् श्रीकृष्ण' शीर्षक पुस्तिका प्रकाशित गर्न पाएकोमा मलाई सन्तोष लागेको छ। आचार्यज्यू जे लेख्नुहुन्छ, जे बोल्नुहुन्छ, त्यसमा रचनात्मक सन्देश हुन्छ। प्रस्तुत पुस्तिकामा भगवान् श्रीकृष्णका पवित्र शिक्षाहरूमा निहित त्यस्तै रचनात्मक सन्देशहरू संकलित छन्। यस्तो प्रेरणादायी कृति प्रकाशित गर्ने मौका प्रदान गर्नुभएकोमा आचार्यज्यूमा हार्दिक धन्यवाद टक्याउँछु।

बालुवाटार, काठमाडौं — वीरबहादुर राई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो भनाइ

युगौंदेखि हाम्रो सामाजिक जनजीवन भगवान् श्रीकृष्णका पावन शिक्षाहरूद्वारा अनुप्राणित रहिआएको छ। भगवान् श्रीकृष्णको पवित्र शिक्षामा निष्काम कर्मयोग मूलमंत्रको रूपमा रहेको छ। आज समाजमा धार्मिक आध्यात्मिक पुनर्जागरण ल्याई राष्ट्रले अपेक्षा गरेको सुव्यवस्थित, शान्तिपूर्ण, सुखी जीवनको निर्माणको लागि भगवान् श्रीकृष्णका पावन शिक्षाहरूको दृढतासाथ परिपालन हुनु अनिवार्य हुन्छ।

भगवान् श्रीकृष्णको विश्ववन्द्य स्वरूपलाई तीनवटा मुख्य आयामबाट हेरी यस लघुपुस्तिकामा श्रीकृष्णतत्त्वको प्रतिपादन गरिएको छ। गत २०४३ सालमा रेडियो नेपालको अनुरोधमा भगवान् श्रीकृष्णको सम्बन्धमा केही शब्दचित्रहरू प्रसारित भएका थिए। तिनैलाई आवश्यक थपघट गरी, केही परिष्कार समेत गरेर यस पुस्तिकामा समावेश गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिन्दू समाजमा नयाँ प्राण सञ्चार गर्नको लागि आज तीनवटा 'स' अपरिहार्य हुन आएका छन्– साधना, सेवा र संगठन । भगवान् श्रीकृष्णसँग सम्बन्धित यी तीन परिच्छेदले ती तीन 'स' लाई कुनै न कुनै रूपले समेटेको विश्वास लिन सकिन्छ । महापुरुषको रूपमा भगवान् श्रीकृष्णले बाल्यावस्था-देखि नै निःस्वार्थ सेवा र संगठनलाई अनुप्राणित गर्ने पावन लीलाहरू गर्नुभएको छ । परमतत्त्व रूपमा भगवान् श्रीकृष्ण साधनासंसारको सारतत्त्व नै हुनुहुन्छ । "कृष्णात्परं किमपि तत्त्वमहं न जाने" भनेर अध्यात्मपथका पथिक सन्तहरूले भगवान् श्रीकृष्णलाई सर्वोत्तम आराध्यको रूपमा मानेका छन् । यिनै विविध पक्षको परिशीलनमा प्रस्तुत पुस्तिकाको विषयवस्तु केन्द्रित रहेको छ । भगवान् श्रीकृष्णसम्बन्धी चिन्तनकै क्रममा धर्ममूलक राजसत्ताको प्रबल संरक्षणमा विकसित बनेको हाम्रो राष्ट्रिय परम्पराको निम्ति पनि यस पुस्तिकाले केही थप चिन्तन सामग्री दिन सक्ने आशा मैले लिएको छु ।

प्रस्तुत पुस्तिकाको निमित्त शुभ सम्मतिद्वारा गौरव बढाइदिनुभएकोमा सम्माननीय बडागुरुज्यू प्रा. श्री अम्बिका-प्रसाद अधिकारीज्यूमा एवं प्राञ्जल भूमिका लेखिदिनुभई सुन्दरता थपिदिनुभएकोमा विद्वान मित्र श्री देवेन्द्रराज उपाध्यायज्यूमा हृदयैदेखि कृतज्ञता ज्ञापन गर्दछु । पूरै खर्च बेहोरिदिनुभई पुस्तिका प्रकाशित गरिदिनुभएकोमा श्री वीर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वहादुर राईज्यूमा हार्दिक धन्यवाद टक्र्याउँछु। प्रस्तुत पुस्तिकाले प्रभु श्रीकृष्णको श्रीचरणमा आस्थाको अभिवृद्धि गर्नमा जति योगदान पुऱ्याउला त्यही नै यस लेखकको निम्ति सन्तोषको विषय हुनेछ। शेष, प्रभुकृपा।

विनीत
खेमराज उपाध्याय 'केशवशरण'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री श्री श्रीकृष्ण

जगद्गुरु भगवान् श्रीकृष्ण

भगवान् श्रीकृष्णको लोकोत्तर स्वरूप र महिमाको कुन रूपमा चिन्तन गर्ने ? नाम अनन्त, रूप अनन्त, धाम अनन्त । अनन्तताको पूर्णतम केन्द्रविन्दुको नै अर्को नाम हो योगेश्वर भगवान् श्रीकृष्ण । सत्य धर्मका संरक्षक भगवान् श्रीकृष्ण । मानवताका प्रतिष्ठापक भगवान् श्रीकृष्ण । मनुष्यताभित्रै दिव्यताका उद्घाटक भगवान् श्रीकृष्ण । प्रत्येक कर्मलाई पूजामा परिणत गर्ने मंत्र प्रदान गर्ने जगद्गुरु भगवान् श्रीकृष्ण । सम्पूर्ण लालित्यका सङ्गम भगवान् श्रीकृष्ण । ऐश्वर्य, धर्म, सुयश, सौन्दर्य, ज्ञान र निष्कामताका अनुपम केन्द्र भगवान् श्रीकृष्ण । विजय, वैभव, श्री, अटल नीति सबैका प्रेरणादाता भगवान् श्रीकृष्ण । योगीहरूका परम ध्येय योगेश्वर श्रीकृष्ण । ज्ञानीहरूका परम तत्त्व सच्चिदानन्दघन श्रीकृष्ण । "कृष्णात्परं किमपि तत्त्वमहं न जाने ।"

भगवान् आफ्नो अनन्त अपरिमित सत्तावाट यस सृष्टिको रचना गर्नुहुन्छ । प्रकृतिरूपा आफ्नो शक्तिलाई प्रेरित गरेर एकबाट अनेकमा परिणत हुने अलौकिक इच्छा भगवानको मनमा जागृत हुन्छ । अनि यस विशाल र वहुआयामिक सृष्टिचक्रको उदय हुन्छ । भगवान् सृष्टि मात्र गर्नुहुन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफूले रचेको सृष्टिप्रति करुणा पनि राख्नुहुन्छ । यसलाई विकृतिहरूले घेर्न नपाउन्, प्राणीहरूले जीवनको बाटो नबिराउन् भनेर यस संसारको हेरचाह पनि भगवान् सधैं गरिरहनुहुन्छ । भगवान्ले प्राणीहरूलाई जीवन मात्र दिनुभएको छैन तिनका निमित्त जीवन धान्न आवश्यक पर्ने सम्पूर्ण वस्तुहरू पनि यस सृष्ठिभित्र भरिदिनुभएको छ । खाने पिउने कुराहरू यसमा भरिदिनुभएको छ । घर बनाउने सामानहरू यसमा राखिदिनुभएको छ । जाडो र गर्मीबाट बच्ने र लाज ढाक्ने साधनहरू यहाँ थन्क्याइदिनुभएको छ । सूर्य, चन्द्र र आगाको रूपमा स्वयं रहेर प्रकाश, उष्णता, पोषणशक्ति र ऊर्जा जस्ता नभई नहुने कुराहरू सबैलाई सुलभ तुल्याइदिनुभएको छ । धर्तीको रूपमा अन्न, सागपात, जडीबूटी, बहुमूल्य खनिज पदार्थहरू, धातुहरू सबैथोकलाई धारण गर्ने, पैदा गरिदिने वसुन्धराको काख प्राणीमात्रलाई प्रदान गर्नुभएको छ । बादल, समुद्र र नदीनालाको सिर्जना गरेर प्राणीहरूको लागि आवश्यक पर्ने जीवनतत्वको रूपमा मानिएको पानी प्राणीमात्रलाई प्रदान गर्नुभएको छ । आकाश र हावाको रूपमा प्राणीलाई जिउन सबैभन्दा पहिले नभै नहुने कुरा खुला ठाउँ र श्वास–प्रश्वासको आधार जुटाइदिनुभएको छ । यसरी क्षणक्षणमा आफ्नो कणकणव्यापी सत्ताद्वारा भगवान् आफ्नो प्यारो सृष्टिको लागि स्नेह, वात्सल्य, माया र ममता दर्शाइरहनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो सिर्जनालाई माया गर्ने यसै क्रममा भगवान् समय समयमा विविध अवतार लिएर आउनुहुन्छ । अवतरित हुनु भनेको ओर्लिनु हो । भगवान् जव आफ्नो अनन्त अपरिमित शक्ति, ऐश्वर्य र आनन्दले परिपूर्ण सच्चिदानन्दमय दिव्य धामवाट ओर्लेर प्राणीहरूको लागि जीवनको वाटो वताउन यस मर्त्यलोकमा प्रकट हुनुहुन्छ त्यसलाई उहाँको अवतार भएको मानिन्छ । कहिले धर्मप्राण राजर्षिहरूको रूपमा, कहिले सत्य-दर्शी ऋषिमुनिहरूको रूपमा, कहिले धर्मप्रशिक्षक आचार्य-हरूको रूपमा भगवान् अंशावतार लिएर आउनुहुन्छ । विशेष स्थितिमा भगवान् स्वयं पनि पूर्ण पुरुषोत्तमको रूपमा आउनु-हुन्छ । मर्यादा पुरुषोत्तम श्रीराम र योगेश्वर पूर्णपुरुषोत्तम श्रीकृष्णको अवतरण यसै रूपमा भएको हो । त्यसैले यी दुवै अवतारको संस्मरण गरेर, गुणकीर्तन गरेर युगौंदेखि मानवले आफ्नो जीवन–निर्माणको मङ्गलमय प्रेरणा ग्रहण गर्दै आएको छ । अवतारहरूमा पनि श्रीकृष्ण अवतार पूर्णतम अवतार मानिन्छ । "एते चांशकलाः पुंसः कृष्णस्तु भगवान् स्वयम्" (श्रीमद्भागवत प्र. स्क. ३/२८) यो साधनाशास्त्रहरूले स्वीकारेको तथ्य हो । सामान्य प्राणीको जन्म हुन्छ । भगवा-न्को चाहिं जन्म होइन अवतार हुन्छ । जन्म र अवतारमा के फरक छ त ? विचार गर्नु पर्ने हुन्छ । फरक यत्ति हो, सामान्य प्राणी मायाको अधीन भएर जन्म लिन आउँछ । तर भगवान् मायालाई नै आफ्नो अधीनमा राखेर अवतार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
लिनुहुन्छ । माया भगवान्‌की शक्ति हुन् । यिनलाई प्रकृति भनिन्छ । भगवान् माया वा प्रकृतिका स्वामी हुनुहुन्छ । उपनिषद्‌मा त्यसैले भनिएको छ– "मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम् ।" (श्वेता. उप. ४/१०)

भगवान् अजन्मा हुनुहुन्छ । उहाँको न जन्म हुन्छ, न वढ्ने, बूढो हुने अथवा मर्ने नै स्थिति हुन्छ । भगवान् अविनाशी, अजन्मा, अजर–अमर र अव्यय हुनुहुन्छ । सम्पूर्ण प्राणीजगत्‌का स्वामी हुनुहुन्छ । भगवान् आफैं भन्नुहुन्छ– अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् । प्रकृतिं स्वामधिष्ठाय सम्भवाम्यात्ममायया ॥" (भगवद्‌गीता ४/६) भगवान्‌को अवतार कहिले हुन्छ ? भगवान् स्वयं भन्नुहुन्छ– "यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत । अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥" (भगवद्‌गीता ४/७) जब धर्मको ग्लानि र अधर्मको उत्थान हुन्छ अनि भगवान्‌को अवतार हुन्छ । भगवान्‌को अवतार किन हुन्छ ? भगवान् स्वयं भन्नुहुन्छ– "परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् । धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥ (भगवद्‌गीता ४/८)

सज्जनहरूको परित्राण र दुर्जनहरूको दमन भगवान्‌का अवतारको गौण प्रयोजन हो, अवान्तर प्रयोजन हो । मूल कुरा हो धर्मसंस्थापन । सम्पूर्ण विश्वजीवनको धारण गर्ने मूल तत्त्व धर्म नै हो । मानवको मानवता धर्ममा नै निहित छ । त्यसैले त्यसको जगेर्ना गर्दै मानवलाई साँचो मानव बनेर जिउने शिक्षा दिन भगवान्‌को अवतार हुन्छ । ऋषिहरूले यसै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यको अनुभूति गरेका छन्–"मर्त्यावतारस्त्विह मर्त्यशिक्षणं रक्षोवधायैव न केवलं विभोः। ("श्रीमद्भा-५।१९।५) अर्थात् भगवान् मनुष्यको रूपमा मर्त्यलोकमा प्रकट हुनुभएको केवल दुष्टहरूको दमनको लागि मात्र होइन अपितु मानव मात्रलाई जीवनको बाटो देखाउन नै हो । केवल असुरहरूको वध गर्न त भगवान्‌को संकल्प नै पर्याप्त हुन्छ । अवतार लिइरहनु पर्दैन । तर भगवान् चाहनुहुन्छ संसारमा सद्भावना जागोस्, शान्तिको राज्य कायम होस्, सत्य धर्मको परिपालन सबैले गरुन् । सृष्टिमा सुन्दरताको विकास हुँदै रहोस् । यसैको निम्ति प्रभुको पावन अवतरण हुन्छ ।

भगवान् श्रीकृष्णको अवतरण आजभन्दा लगभग पाँच हजार दुइ सये एघार वर्ष जति पहिले द्वापरको अन्त्यमा भएको थियो । त्यसवेला कंस, जरासन्ध, शिशुपाल, दन्तवक्र आदि आसुरी वृत्तिका उपासकहरूले सम्पूर्ण भूमण्डलमा आतङ्क मच्चाउन लागिरहेका थिए । धर्मप्राण प्रजावत्सल राजपरम्पराको पवित्र मर्यादालाई ठुक्र्याएर ती प्रजापीडक दुष्टहरूले शोषण, अत्याचार र दमनको बाटो लिएर धर्म र न्यायको अवहेलना गरिरहेका थिए । पृथ्वी अधर्मको भारले पीडित थिइन् । देवता,ऋषिमुनिहरू अन्तर्मनदेखि पुकारिरहेका थिए–

धर्मजगत्‌को आवाहनमा हे ईश्वर ! अब आऊ
शान्तिसुधा अब ल्याऊ ।।
कर्मशक्तिको जागृति ल्याई नवनिर्माण गराऊ ।। हे ईश्वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यधर्मको पालक बन्ने मनमा भाव उमारी
आत्मविजयको निर्मल वृतले यो मन प्राण सिंगारी
सिङ्गो जीवन फेला पार्ने चिन्मय मार्ग चिनाऊ ।। हे ईश्वर

विकृतिहरूको कालो मैलो जीवनबाट हटाई
कुण्ठितपनको सीमाघेरा चिन्तनबाट छुटाई
मानवताको रक्षा गर्ने दृढ संकल्प जगाऊ ।।
हे ईश्वर

अहङ्कारको जालो फाली सेवाभाव जगाऊ
द्वेषघृणाको कुहिरो फारी सबमा प्रेम जगाऊ
यस धर्तीको गौरव राख्ने सुन्दरता अब ल्याऊ ।। हे ईश्वर ।।

पृथिवी स्वयं व्याकुल मनले परमात्मालाई पुकारिरहेकी थिइन् । आफ्नो भार हलुको पारिदिन भगवान्संग गुहार मागिरहेकी थिइन् । देवता, ऋषिमुनि र पृथिवीको पुकार सुनेर जगत्रक्षक भगवान्ले आफू अवतरित हुने शुभ-आश्वासन प्रदान गर्नुभयो ।

यता शूरसेन देशको राजधानी मथुरामा

राजा उग्रसेनले आफ्नी पुत्री देवकीको वसुदेवसंग विवाह गरिदिए । विवाहका माङ्गलिक विधिहरू घूमधामसाथ सम्पन्न भए । दुलाहा-दुलहीलाई प्रशस्त उपहार-हरू अर्पण गरिए । बाजाहरूको माङ्गलिक धूनले सम्पूर्ण दिशाहरू गुञ्जित भइरहेका थिए । दुलही अन्भाउने बेला भएपछि कंसले बहिनी देवकीलाई आफैं रथ हाँकेर पुऱ्याइदिने अठोट गऱ्यो । रथ हाँकेर गइरहेको बेला एक्कासी आकाशवाणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो– "अबुझ कंस ! तैले किन कुरा नबुझेको ! जसलाई बहिनी भनेर यसरी कष्टसाथ पुऱ्याउन जाँदैछस् यिनैको आठौं गर्भबाट तेरो मृत्यु हुनेछ ।" त्यति सुन्नासाथ कंस रीसले आगो भयो र हातमा खड्ग लिएर देवकीलाई मार्न तयार भयो । वसुदेवले मनाउने प्रयत्न गर्दा पनि कंस मानेन । अन्तमा "जति बालक हुन्छन् ती सबैलाई जन्मनासाथ तपाईंका हातमा सुम्पिनेछु "भनी वसुदेवले प्रतिज्ञा गरेपछि बहिनी देवकीलाई मार्ने दु:सङ्कल्प कंसले छोड्यो। आकाशवाणीले भनेको कुरालाई लिएर कंसले वसुदेव देवकीलाई झ्यालखानामा हालिदियो । क्रमश: एक एक गरी बालक पैदा भयै पिच्छे जवर्दस्ती खोस्दै मार्दै गऱ्यो । ६ वटा बालकहरू मारिए । सातौं पटकमा भगवान्का कला शेष गर्भस्थ बनेका थिए । भगवान्को आदेश पाएर योगमायाले शेषरूप बलरामलाई गर्भस्थ अवस्थामै गोकुलको नन्दभवनमा रहेकी रोहिणीको गर्भमा पुऱ्याइदिइन् र आफू यशोदानन्दिनी बनेर प्रकट भइन् ।

यता कंसको कारागारमा भगवान्को प्राकट्य हुने मङ्गलमय बेला भइरहेको थियो । देवता र ऋषिमुनिहरूका स्तुतिवन्दनाहरू मुखरित भइरहेका थिए । योगमायाका स्वामी सर्वेश्वर प्रभुको अवतरणको त्यस पावन लामा प्रकृतिले समेत कसरी मङ्गलमहोत्सव गरिरहेकी थिइन् भन्ने कुर महर्षि वेदव्यासले आफ्नो प्रेरणादायी शब्दावलीमा यस प्रकारले वर्णन गर्नुभएको छ । त्यसवेला भाद्र कृष्णपक्षको मध्य रात भए पनि दशै दिशा उज्ज्वल बनेर प्रसन्नता प्रकट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

था गरिरहेकए । आकाशमा अघिपछि नदेखिएका विशेष प्रकाशमय बनेका ताराहरू झलमलाइरहेका थिए । पृथिवी माता भगवान्‌की पत्नी हुन् । "विष्णुपत्नी" भनेर उनको भक्तजनहरूले सधैं वन्दना गर्दछन् । वैकुण्ठमा सधैं लक्ष्मीरूपा श्रीदेवीद्वारा सेवा गरिएका भगवान्‌का श्रीचरणको स्पर्श प्राप्त हुन लागेकोमा पृथ्वीरूपा भूदेवीलाई हर्षको सीमाना थिएन । पतिव्रता नारीले आफ्नो पतिदेवको स्वागत गरेझैं मङ्गलै मङ्गलले भरिएका नगर, गाउँ र गोठहरूले सिंगारिएकी भूदेवी पृथिवीले भगवान्‌को स्वागत गर्न लागिन् । नदीहरू प्रसन्न थिए । नदी किन प्रसन्न नहोउन् ? यो अवतार त नदीहरूको पनि गौरव बढाउने अवतार हो । कालिन्दीलाई स्वच्छ तुल्याएर, उनलाई रानीको स्थानमा सम्मानित गरेर सम्पूर्ण नदीवर्गकै इज्जत बढाउने अवतार हो यो । त्यसैले नदीहरू प्रभुको शुभागमनमा विशेष प्रसन्न बने । मध्यरात भए पनि सरोवरहरूमा कमलका पुष्पहरू शोभायमान बन्दै विकसित भइरहेका थिए । वनपंक्तिहरूमा पक्षीहरू कलरव गर्दै मानौं भगवान्‌को संकीर्तनमा मस्त बनिरहेका थिए । मनमोहक सुगन्धी फिजाउँदै मन्द शीतल स्वच्छ हावा बहिरहेको थियो । किनभने भगवान् श्रीराम बनेर प्रकट भएका बेला पवनपुत्र हनुमानले तनमनले प्रभुको सेवा गरेका थिए । यसै अवतारमा अर्का पवनपुत्र भीमसेनले प्रभुको सेवा गर्नेछन् । छोराहरू चाहिं भगवत्सेवामा नित्य संलग्न रहने बाबु स्वयं पवनदेव चाहिं यस सौभाग्यबाट वञ्चित हुने ? यो त भएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले मानौं वायुदेवता अत्यन्त खुशी भएर सेवामा लागिरहेका थिए। रातको मध्यभाग भए पनि अग्नि-होत्री ब्राह्मण देवहरूका अग्निकुण्डमा आहुति विना शान्त भएर बसेका अग्निदेवहरू आफैं एक्कासी प्रदीप्त भएर बल्न लागे। अग्निदेव किन प्रसन्न नहोउन् ? "मुखादग्निरजायत" (शु. य. पु. सू.) भनेर वेदले जुन जगत्पिता प्रभुलाई अग्निदेवका समेत पिता बताएको छ तिनै जगत्पिता प्रभुको अवतरण हुंदैछ। त्यसैले आफ्ना श्रद्धेय जन्मदाता श्रीहरिको स्वागतमा अग्निदेवहरू पनि सजग भए। सज्जन सत्पुरुषहरूको मनमा अकारण नै प्रसन्नताको लहर उठ्न लाग्यो। यसरी अजन्मा भएर पनि धर्मरक्षाको लागि अवतार लिन लागिरहनुभएको योगेश्वर भगवान् श्रीकृष्णको शुभागमनमा प्रकृतिका अङ्ग अङ्ग खिलिरहेका थिए। सम्पूर्ण सृष्टि नै प्रफुल्ल बनिरहेको थियो। प्रकृतिदेवी स्वयं नै आफ्ना परमाराध्य परमेश्वरको आराधनामा समर्पित भइरहेकी थिइन्।

जय जयघोष र बाजाहरूको मीठो ध्वनि सुनिइरहेको थियो। यस्तै मङ्गलमय वातावरणमा कंसको कारागारमा एक्कासी प्रकाश झल्मलाउन लाग्यो। सुन्दर, सुकुमार बालकको रूपमा चतुर्भुज रूप लिएर भगवान् प्रकट हुनुभयो। शंख, चक्र, गदा, पद्म भगवान्का करकमलमा सुशोभित थिए।

वसुदेवजी भगवान्को प्रार्थना गर्नुहुन्छ– "भमवन् ! हजूर प्रकृतिको सीमाभन्दा परका हुनुहुन्छ। केवल आनन्दानुभूतिसंगै हजूरको मधुर अस्तित्वको अनुभूति हुन्छ। हजूर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैका साक्षी हुनुहुन्छ, सबैको जीवनरथका सञ्चालक हुनुहुन्छ। स्वामी ! हामीमाथि असीम कृपा गरेर दर्शन दिनुभयो। हजूर सर्वेश्वर, सर्वाधारलाई हामीजस्ता अकिञ्चनले पुत्रभावले सम्बोधन गर्ने सौभाग्य पायौं। तर प्रभो ! दुष्ट कंसले हजूरको शुभागमन हुने संकेत पाएर पहिलेका ६ वटा बालक-हरूलाई एक एक गरी मारिसकेको छ। थाहा भयो भने अहिले पनि केही अनर्थ पो गर्ने हो कि भनेर डर लागिरहेछ।"

देवकी माता पनि प्रभुको स्तुति गर्नुहुन्छ– "प्रभो ! जीवात्मा शरणको खोजीमा मृत्युबाट बच्ने लालसा लिएर एक लोकबाट अर्को लोकमा भड्किरहन्छ। तर उसलाई कहीं निर्भयस्थान प्राप्त हुँदैन। हजूरको अभयदायी चरणकमलको आश्रय प्राप्त हुनासाथ उसलाई असीम शान्ति प्राप्त हुन्छ। ऊ मृत्युको भयबाट सदाको लागि मुक्त हुन्छ। स्वामी ! महाप्रलयको बेलामा सम्पूर्ण संसार जसको पेटमा विलीन बन्दछ त्यस्ता प्रभु स्वयं म जस्ती अवलाका पुत्र बन्न लाग्नु-भयो हजूरको यो ममाथि असीम कृपा हो। तर नाथ ! शंख, चक्र, गदा, पद्मद्वारा विभूषित यो अलौकिक स्वरूपको संवरण गर्नुहोस्। हजूर प्रकट भएको थाहा पाएर कंसले उपद्रो गर्न सक्तछ। उसलाई केही थाहा नहोस् भगवन् ?"

भगवान् वात्सल्य र कोमलताले भरिएको स्वरमा भन्नु-हुन्छ– "बुबा ! मुमा ! हजूरहरूले तीन जन्मदेखि मलाई छोराको रूपमा प्राप्त गर्नुभएको छ। पहिले स्वायंभुव मनुको पालाको कुरा हो। बुबा सुतपा नाम गरेका प्रजापति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुहुन्थ्यो, मुमा त्यसबेला पृश्नि नाम गरेकी उहाँकी पत्नी हुनुहुन्थ्यो । ब्रह्माको आज्ञानुसार पुत्रप्राप्तिको लागि हजूरहरूले ठूलो तप गर्नुभयो । म प्रसन्न भएर प्रकट भएँ । वरदान माग्नुभन्दा हजूरहरूले म समानको पुत्र प्राप्त होस् भनी वरदान माग्नुभयो । म जस्तो अरू को छ र ? त्यसैले म आफैं हजूरहरूको छोरा पृश्निगर्भ बनेर प्रकट भएँ । अर्को जन्ममा हजूरहरू कश्यप र अदिति बन्नुभयो । म त्यस जन्ममा पनि हजूरहरूको छोरो वामन भएर प्रकट भएँ । अहिले तेस्रो पटक हजूरहरू वसुदेव देवकी भएका बेला म हजूरहरूको छोरो कृष्ण बनेर प्रकट हुँदैछु । भक्तहरूलाई दिएको वचन म कहिल्यै अधूरो रहन दिन्न । हजूरहरू ममाथि पुत्रभावले स्नेह गर्दै र कहिलेकाहीं ब्रह्मभावले समेत संकल्प गर्दै अन्तमा परमगतिमा प्राप्त हुनुहुनेछ । बुवा ! अब म यो ऐश्वर्यमय स्वरूपलाई छिपाएर सामान्य बालक बनिदिन्छु । मलाई नन्दगोकुल पुऱ्याई त्यहाँ प्रकट भएकी योगमायालाई लिएर आउनुहोला । मलाई लिएर जाने इच्छा हुनासाथ हातकडी आफैं खुल्नेछ, यो कयालखानाका ढोकाहरू आफैं उघ्रिने छन् । बुवा ! पीर नलिनुहोला सबै कल्याण हुनेछ ।"

भगवान् आफ्नो ऐश्वर्यमय स्वरूपलाई त्यागेर तुरुन्त सानो बालकको रूपमा प्रकट भएर परिणत हुनुभयो । वसुदेवजी कृष्णलाई टोकरीमा राखी शिरमा लिएर गोकुलतर्फ जान तयार हुनुभको । ढोकाहरू आफैं खुले । एक्कासी मेघको गर्जनसाथ मूसलधार पानी पर्न थाल्यो । वर्षाको बाढीले यमुना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विस्तारै वढ्दै उर्लेर वढ्न थालिन् । वसुदेवजी नदीमा पुग्नुभयो । घुंडा घुंडा, कमर कमर र छाती छाती हुँदै पानी माथिसम्म आइपुगेपछि उहाँ आत्तिनुभयो । वसुदेवजी आत्तिदै भन्नलाग्नु भयो– "हे भगवन् ! अनर्थ भयो । अब त म पनि डुब्ने भएँ बालक पनि डुब्ने भयो । अब यमुना कसरी तर्नु ? घाँटीसम्म भैसक्यो । पारी पुग्न सक्ने भइंन । अब कसो गरूँ ।"

उता प्रभुका चरणकमलको स्पर्शको अभिलाषा लिएर वढ्दै गएकी यमुना पुकार गर्न लागिन्– "प्रभो ! म त हजूरका चरणकमलको स्पर्श गर्ने लालसाले वढ्दै थिएँ । तर वसुदेवजीलाई गाह्रो हुने भयो । कृपया पाउ तल झारिदिनु-भए हुने थियो । नाथ ! ममाथि कृपा गर्नुहोस् ।"

वालगोविन्दले यमुनाको प्रार्थना सुनेर आफ्ना चरणकमल तल झारिदिनुभयो । प्रभुका चरणकमलको स्पर्श पाएर यमुना तुरन्त घटिन् । वसुदेवजीलाई अपार आनन्दका साथै आश्चर्य भैरहेको थियो । वसुदेवजी भन्नुहुन्छ– "अहो ! एक्कासी यो के भयो ? अकस्मात् घुंडा घुंडा पानी ? हे नारायण !"

वसुदेवजी नन्दभवन पुग्नुभयो । त्यहाँ पनि भवनमा पस्न लाग्दा उसैगरी ढोका आफैं खुले । भित्र यशोदाजीको शयना-गारमा योगमाया कन्याको रूप लिएर प्रकट भइसकेकी थिइन् । वसुदेवजीले बालमुकुन्दलाई विछ्यौनामा राखिदिनुभयो र योगमायालाई लिएर मथुरा फर्किनुभयो । ढोकाहरू उसैगरी आफैं खुले । भित्र पसेर ती कन्यालाई देवकीको काखमा राखिदिनुभयो अनि आफू आफैं हातकडीमा बाँधिएर पहिलेकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठाउँमा वस्नुभयो । कन्या च्याँठिएर रुन लागिन् । पालेपहरे-हरू ब्यूँझिए । कंसलाई देवकीको आठौं गर्भ पैदा भएको खवर पुग्यो । सुन्नासाथ धरफराउँदै कंस कारागारतर्फ दगुऱ्यो । गएर देवकीका हातबाट कन्यालाई जवर्दस्ती खोस्न लाग्यो । देवकीले धेरै अनुनय विनय गरिन् । तर क्रोधले आगो भएको कंसले उनको एक सुनेन । जवर्दस्तीसित ती कन्यालाई हातले समाती दाह्रा किट्तै मास्तिर घुमाउन खोजेको थियो । योगमायाले कंसको हातबाट फुत्केर अष्टभुजाको रूपमा प्रकट भई भनिन्– "दुष्ट ! तँ मलाई मार्न सक्तछस् ? मलाई मार्ने तेरो दुष्प्रयास निःसार छ । तेरो काल अन्तै कहीं प्रकट भइसकेको छ । सावधान रह ।"

यति भनेर योगमाया अन्तर्धान भइन् । मनमा घोर पछुतो लिदै कंसले वसुदेव र देवकीलाई वन्धनवाट मुक्त गरिदियो र क्षमा मागेर आफ्नो महलतिर लाग्यो ।

वसुदेवले भगवान्को निर्देशानुसार मथुरावाट श्रीकृष्ण-लाई गोकुलको भवनमा पुऱ्याउनु भएकोथियो । व्रजरानी यशोदा विहान उठ्ता शयनमा त्रिभुवनमोहन भगवान् वालमुकुन्द सुतिरहनुभएको थियो । ब्रह्ममुहूर्तको पावन वेलामा एक्कासी शयनमा वालमुकुन्दको दर्शन पाउँदा माता यशोदा परमानन्दमा निमग्न हुनुभयो । वालमुकुन्दको दर्शनमात्रले माता यशोदाको मनप्राण पुलकित थियो । विना कुनै प्रसव वेदना, विना कुनै कष्ट पुत्ररत्नको प्राप्ति भयो । माता यशोदाले आफ्ना इष्टदेव भगवान् नारायणप्रति कृतज्ञता निवेदन गर्नुभयो । नन्दभवनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालमुकुन्द प्रकट भएको खबर व्रजराज नन्दबाबालाई थाहा भयो। हर्षको सीमा रहेन। नन्दनन्दन बनेर, यशोदासुख-वर्धन बनेर भगवान् प्रकट हुनुभएको सुखद खबरले सम्पूर्ण व्रजमण्डल आह्लादित भयो। घूमधामसाथ वालमुकुन्दको शुभ जन्मोत्सव मनाइन लाग्यो। सम्पूर्ण व्रजवासीहरू गद्‌गद् बन्दै भावमय गीत गाउँदै हर्षसाथ वधाई ज्ञापन गर्न विभिन्न उपहारहरू लिएर नन्दभवनतिर धाइरहेका थिए। संगीतको सुमधुर स्वरलहरीमा वधाईगीत गुंजित भैरहेको थियो।

व्रजमा घरघर बज्यो वधाई ॥
नन्दभवनमा कृष्ण उदाए सबमा हर्ष फिंजाई ॥

शिव व्रह्मादिक शुक सनकादिक सुरमुनिहरू रमाई
सुमन छरीछरी गाउन लागे कृष्णकीर्ति सुखदायी ॥ व्रजमा

विप्रदेवहरू वेदमन्त्रले दशै दिशा गुञ्जाई
आशिष दिनलागे शुभ–मनले महिमा विविध बताई ॥ व्रजमा

नर नारी सब जय जय भन्दै शुभ–उपहार चढाई
गाउन लागे सुयश मनोहर भाव अनेक बनाई ॥ व्रजमा

नन्दयशोदा मुदित हृदयले दीनदुःखी सबलाई
अर्पिन लागे दान थरीथरी सब संकोच फुकाई ॥ व्रजमा

भागवतकार वेदव्यासको भाषामा श्रीशुकदेव स्वामी भन्नुहुन्छ– "जुनदिन भगवान् वालमुकुन्द व्रजमा प्रकट हुनुभयो त्यसैदिनदेखि नन्दव्रजमा सम्पूर्ण समृद्धिका लक्षणहरू प्रकट हुन लागे। स्वयं श्रीपति भगवान्को निवास भएको हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्का शुभ–गुणहरूका प्रभावले व्रजमण्डल लक्ष्मीको व्यापक विहारस्थल नै बन्न पुग्यो ।

तत आरभ्य नन्दस्य व्रजः सर्वसमृद्धिमान्
हरेर्निवासात्मगुणैः रमाक्रीडमभून्नृप ।। (श्रीमद्भा. १०५/१८)

भगवान् श्रीकृष्णका सम्पूर्ण लीलाहरूमा दिव्य चिन्मयता छ । योगेश्वर श्रीकृष्णका प्रत्येक चेष्टाभित्र सत्यधर्मको संरक्षण एवं न्याय र मानवताको परिपालन प्रतिको उत्कट प्रेरणा प्रतिविम्वित छ । भगवान् श्रीकृष्णको सम्पूर्ण व्यक्तित्व मुख्यरूपले दुइटा भावभूमिमा अभिव्यक्त भएको छ । ती दुइवटा भावभूमि हुन् व्यावहारिक र पारमार्थिक । पारमार्थिक भावभूमिमा श्रीकृष्ण जीवमात्रका परम आराध्य परात्पर परमपुरुषोत्तमको रूपमा हुनुहुन्छ । "कृष्णात्परं किमपि तत्त्वमहं नजाने" भनेर आध्यात्मिक जगत्का परमतत्वको रूपमा श्रीकृष्णको चिन्तन गर्ने महामनिषीहरूले उहाँको यसै रूपमा प्रतिपादन गरेका छन् । आध्यात्मिक जगत्का पारखीहरूले श्रीकृष्णको स्वरूपभित्र मुक्तमुनिहरूको सदा अन्वेषणीय परम तत्व प्रकट भएको अनुभव गरेका छन् । भगवान् श्रीकृष्ण को हुनुहुन्छ ? मुक्तात्माहरूको एउटै उद्घोष छ–

पुञ्जीभूतं प्रेम गोपाङ्गनानाम्
मूर्तीभूतं भागधेयं यदूनाम् ।
एकीभूतं गुप्तवित्तं श्रुतीनां
श्यामीभूतं ब्रह्म मे सन्निधत्ताम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् गोपाङ्गनाहरूको पुन्ज बनेर प्रकट भएको परम प्रेम नै श्रीकृष्ण हुनुहुन्छ। यदुवंशीहरूको मूर्तिमान बनेको भाग्य नै श्रीकृष्ण हुनुहुन्छ। वेदहरूले छिपाएर राखेको संपत्ति नै श्रीकृष्ण हुनुहुन्छ। साधकहरूको अन्तर्मनलाई आकर्षित गर्न नीलो रूपमा प्रकट भएको परब्रह्म नै श्रीकृष्ण हुनुहुन्छ। अध्यात्म पारखीहरूको आकांक्षा छ त्यस्ता श्यामब्रह्म श्रीकृष्ण सधैं हाम्रो दृष्टिमा रहुन्। सधैं हाम्रो ध्यानमा रहुन्। हामीलाई सधैं उनको सान्निध्य प्राप्त भइरहोस्। गोपालोत्तर-तापिनी उपनिषद्, गर्गसंहिता, ब्रह्मवैवर्त पुराण आदि आध्यात्मिक वाङ्मयमा भगवान् श्रीकृष्णको यसै रूपमा प्रतिपादन गरिएको छ। यी पवित्र शास्त्रहरूको निर्देशानुसार श्रीकृष्ण अवतार होइन अवतारी हुनुहुन्छ। पूर्णतम, परात्पर, परब्रह्म हुनुहुन्छ। सम्पूर्ण जीवजगत्का परमाराध्य परमानन्दका केन्द्र हुनुहुन्छ। यो उहाँको आध्यात्मिक भावभूमि हो।

भगवान् श्रीकृष्णका लीलाहरूको व्यावहारिक भावभूमि अनुरूप उहाँ अलौकिक शक्तिसम्पन्न महापुरुष हुनुहुन्छ। "वन्दे महापुरुष ते चरणारविन्दम्" (श्रीमद्भा. ११/५/३३) यो उहाँप्रतिको जीवन साधकहरूको भावोद्गार हो। पूर्णतम पुरुषोत्तम भएर पनि प्राणीहरूमा कृपा गर्न भगवान् मनुष्यको रूपमा प्रकट हुनुहुन्छ। भागवतकार महर्षि वेदव्यास भन्नुहुन्छ– "अनुग्रहाय भूतानां मानुषं देहमाश्रितः।" भगवान् प्राणीमात्रको हितको लागि मानिसको आकृतिमा प्रकट हुनुहुन्छ। जब जब धर्मको ग्लानि र अधर्मको उत्थान हुनथा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ल्दछ भगवान् मनुष्यको आकारमा धराधाममा प्रकट हुनुहुन्छ ।

भगवान् मनुष्यको रूप किन लिनुहुन्छ ? यसको खास कारण छ । त्यो कारण हो– मनुष्य सृष्टिको भूषण हो । प्राणीजगत्मा मनुष्यबाहेक अरू कुनै पनि प्राणी विवेकसम्पन्न छैन । आफूमा प्राप्त क्षमताको, चेतनाको विकास स्वयंको प्रेरणाले गर्न सक्ने प्राणी केवल मनुष्य हो । राष्ट्र, समाज, हुँदै समष्टिजीवनको निर्माण गरेर आफ्नो सीमित जीवनलाई सम्पूर्ण सृष्टिको निमित्त देन दिनसक्ने वनाउने प्राणी चेतनाको धनी मानिस मात्र हो । धर्मको, संस्कृतिको, सभ्यताको, कलाको, दर्शनको स्रष्टा वनेर संसारको निर्माण गर्ने क्षमता केवल मानिसमा छ । अरू प्राणी त सृष्टिको थालनीमा जस्ता थिए अहिले पनि त्यस्तै छन् । पशुमा न विवेक छ न दर्शनशक्ति । न सभ्यता छ, न संस्कृति । तात्कालिक कार्य सम्पादन गर्न भगवान् कहिलेकाहीं अन्य प्राणीको रूप लिएर पनि प्रकट हुनुहुन्छ । मत्स्य, कूर्म आदि अवतारहरू भगवान्ले यसै क्रममा लिनुभएको हो । परन्तु जुनबेला तात्कालिक सामान्य वाधाको समाधान मात्र गर्नुपर्ने नभई स्थायी रूपमा धर्मको संस्थापन नै गर्नुपर्ने हुन्छ त्यस्तो वेलामा भगवान् मनुष्य नै वनेर प्रकट हुनुहुन्छ । नर भगवान् नारायणको साथी भैदिन्छ । नर–नारायणको सहअवतार पौराणिक वाङ्मयमा प्रसिद्ध छ । सृष्टिलाई सुन्दर वनाउन मानिसलाई सुन्दर वनाउनु आवश्यक हुन्छ । संसारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यधर्मको प्रतिष्ठापन गर्नु आवश्यक हुन्छ । मानिसलाई सभ्य, शिष्ट वनाएर नै संसारमा सभ्यताको, शिष्टताको निर्माण गर्न संभव हुन्छ । त्यसैले भगवान् पनि संसारमा धर्मसंस्थापनको कार्य गर्न मनुष्य भएर प्रकट हुनुहुन्छ । किनभने मनुष्य भएर नै मनुष्यलाई संझाउन सकिन्छ । देवताको रूपमा प्रकट भएर तात्कालिक उद्वोधन दिन सकिएला । त्रास र प्रलोभन दिन सकिएला । वरदान र श्राप दिन सकिएला तर निर्माणको स्थायी कार्य गर्न, धर्मसंस्थापनको दिगो काम गर्न मानिसलाई नै स्थायी रूपमा व्यूँझाउनु अति ज़रूरी हुन्छ । मानिसको रूप लिएर उसले गर्ने गरेको कर्म जस्तै कर्म गरेर उसैसंग खेलिदिएर मानिसलाई जति वाटोमा ल्याउन सकिन्छ त्यति अन्य उपायले सकिंदैन । त्यसैलै युगनिर्माण निम्ति आउँदा भगवान् जहिलेसुकै मानिसको रूप लिएर आउनु हुन्छ ।

तथ्य के हो भने सत्ययुग प्रकट हुने माध्यम पनि मानिस नै हो । कलियुग प्रकट हुने माध्यम पनि मानिस नै हो । मानिस सत्यवादी, ईमान्दार, लोकहितकारी भयो, सत्ययुग आउँछ, मानिस दृष्टिहीन, असत्यवादी, दुराचारी बन्यो कलियुग आउँछ । अरू जनावर त सधैं उस्तै हुन् । न उनीहरूमा उत्थान छ, न पतन । जसलाई वनाएर संसार बन्दछ, युगनिर्माण हुन्छ, त्यो त मानव नै हो । त्यसैले समय समयमा भगवान्को मनुष्य रूपमा पावन अवतरण हुन्छ । कहिले पूर्णकला लिएर, कहिले अंशकला लिएर । भगवान् श्रीकृष्णको अवतार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्णकलाको अवतार हो । "एते चांशकला: पुंस: कृष्णस्तु भगवान् स्वयम्" भागवतकारको यस उक्तिले यतै इङ्गित गरेको छ । उहाँ भन्नुहुन्छ– "प्राणीहरू उपर अनुग्रह गर्नको लागि भगवान् मनुष्यको रूप लिनुहुन्छ र त्यस्तै मानवसुलभ कार्यहरू गर्नुहुन्छ जसलाई देखेर, सुनेर मनुष्य त्यसतर्फ प्रेरित वन्दछ, तत्पर वन्दछ ।

अनुग्रहाय भूतानां मानुषीं तनुमाश्रित:
भजते तादृशी: क्रीडा: या: श्रुत्वा तत्परो भवेत् ॥

(श्रीमद्भागवत १०/३३/३७)

अन्य अवतारहरूमा मानवीय भूमिकाभित्र आंशिक रूपमा भगवत्ता प्रकट भएको पाइन्छ । तर समग्र रूपमा प्रत्येक लीलाभित्र पूर्णता प्रकट भएको अवतार कृष्णावतार नै हो । व्रजमा प्रकट भएर भगवान् श्रीकृष्णले गरेका अलौकिक वाललीलाहरूमध्ये प्रत्येकभित्र उहाँको अनन्त शक्ति, पूर्ण पुरुषोत्तमत्व प्रकट भएको पाइन्छ । आसुरीवृत्तिको उपासक कंसले व्रजक्षेत्रभरी नै वासहत्याको कुचक्र चलाएर थरि थरिका दानवहरूलाई पठाउँछ । भगवान् श्रीकृष्णलाई मार्न अनेकौं दानवहरू पठाइन्छन् । तर प्रत्येक पटक कंसको मुराद विफल हुन्छ । प्रदीप्त अग्निपुञ्जमा स–साना कीट–पतंगहरू होमिएर अन्त भए झैं भगवान् श्रीकृष्णको सामु पुगेर सबैको अन्त हुन्छ । छ दिनको सानो अवस्थामा पूतना संहार, दुइ महिना दस दिनको अवस्थामा शकटासुर संहार,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक वर्षको उमेरमा तृणावर्त संहार यी सबै प्रसंगहरूले भगवान् योगेश्वर श्रीकृष्णको अनन्त शक्तिसम्पन्न पूर्ण पुरुषोत्तमत्व सिद्ध गर्दछन् । फल बेच्न आएकी वृद्ध माताको टोकरीबाट काँचो फल लिएर उनको पूरै टोकरीलाई रत्नै रत्नले भरिदिनु, माटो खाएको संकेत पाएर आमाले हेर्न खोज्दा मुखभित्र सम्पूर्ण सृष्टिचक्रको दृश्य देखाइदिनु यी श्रीकृष्णका अनन्त ऐश्वर्यका द्योतक लीलाहरू हुन् । यी लीलाहरूद्वारा आफ्नो ऐश्वर्य प्रकट गरेर आफ्नो पूर्ण पुरुषोत्तमत्व प्रकट गर्नुहुन्छ । तर यो ऐश्वर्य सधैं प्रकट रहिरहन दिएमा वात्सल्य भावमा अवरोध आउने हुनाले भगवान् तुरुन्त त्यसलाई संवरण गर्नुहुन्छ । माता यशोदाले आश्चर्यचकित भएर बन्द गरेका आँखा खोल्नासाथ आफ्ना सामु उही दूधमुखे बालगोपाललाई देख्नुहुन्छ । त्यो अनन्त ऐश्वर्यलाई भगवान्ले संवरण गरिसक्नुभएको हुन्छ । यशोदा पुत्रवात्सक्ष्यले द्रवित हुनुहुन्छ । बालकृष्णलाई काखमा लिएर सुम्सुम्याउँदै आशीर्वाद दिंदै भन्नुहुन्छ–

धन्य चपलता धन्य मधुरता धन्य छ तिम्रो सब लीला
कति पुण्यले पाएँ मैले जीवनधन यी पुत्र रसीला ॥

कंसद्वारा चलाइएका विभिन्न त्रास र उत्पातहरूबाट बच्न गोपालहरू गोकुलबाट वृन्दावनमा बसाई सर्दछन् । वृन्दावनको मनोरम वातावरणमा पुग्दा श्रीकृष्णको मनमा गाई बाच्छा चराउने लहड शुरु हुन्छ । तीन वर्षको मात्र उमेर हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीन वर्षको बालकले गाई कसरी चराउने ! आमा यशोदा र रोहिणीको मन मान्दैन । "अहिले गाई होइन बालसखा-हरूसित बाच्छा चराउने गर" भन्ने आज्ञा भएपछि बाच्छा चराउने क्रम शुरु भयो । वरपरका बालकहरू आ–आफ्ना बाच्छा लिएर भेला हुने गर्छन् । माता यशोदा श्रीकृष्ण बलदेवलाई तिनैका साथ लगाएर बाच्छा चराउन पठाउनु-हुन्छ । बाच्छा चराउने क्रममा कंसद्वारा पठाइएका वत्सासुर, बकासुर र अघासुरलाई श्रीकृष्ण संहार गरिदिनुहुन्छ । सम्पूर्ण व्रजमण्डल आश्वस्त हुन्छ ।

मनुष्यको रूपमा प्रकट भएर मानव हृदयका सहज सुकोमल भावहरूको अनुसरण गर्दै भगवान् श्रीकृष्णले आफ्ना मधुर लीलाहरूद्वारा पितामाता र सखाहरूको मनमा कसरी वात्सल्यभावको वर्षा गर्नुभएको थियो त्यसको चित्रण गर्ने हो भने वाङमयको एउटा विशाल फाँटतिर दृष्टि पुऱ्याउनु पर्ने हुन्छ । महाकवि सूरदास जस्ता अमर भक्त कविहरूले मानवीय भावभूमिमा प्रकट भएको बालकृष्णको लीलारसको मधुर चर्चा गरेका छन् । एउटा प्रसंग लिऔं– बालगोपालको जब पहिलो बोली फुट्यो उहाँले आमालाई पहिले संझनुभयो । संसारमा आउने क्रममा सन्तानलाई सबैभन्दा पहिले माया दिने सरस हृदय, कोमल मन आमाको नै हुन्छ । उनैको कोखमा उनैको शरीरको रसद्वारा आफ्नो शरीर पुष्ट पारेर जीव यस संसारमा आउँछ । पहिलो र सबैभन्दा प्यारो उसको सम्बन्ध आमासँगै हुन्छ । भगवान् श्रीकृष्णको पहिलो बोलीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णन गर्दै महाकवि सूरदास लेख्दछन्–

कहन लागे मोहन मैया मैया।
नन्द राय सों बाबहि बाबा हलधरजी सों भैया ॥ (सूरसागर)

"मर्त्यावतारः खलु मर्त्यशिक्षणम् ।" मनुष्य रूपमा प्रकट भएर भगवान् मनुष्यका सहज र सुलभ, मधुर र आकर्षक हृदयहारी चेष्टा गर्नुहुन्छ जसबाट मनुष्य त्यसतर्फ प्रेरित बन्दछ र जीवन निर्माणमा प्रवृत्त हुन्छ ।

भगवान् श्रीकृष्णको प्राकटच भएको थियो वैभवसंपन्न मथुरा नगरीमा तर तुलनात्मक रूपले ज्यादै पिछडिएको ग्रामीण क्षेत्र गोकुल र वृन्दावनलाई उहाँले आफ्नो दिव्य कर्मभूमि बनाउनुभयो । दैव तथा मुनिवृन्दले यसको गान गरेका छन्–

मथुराको त्यो वैभव छाडी गोकुल गाउँ रूचाए
ग्राम निवासी नरनारीमा नवजीवन ब्यूँझाए ॥

शिशुलीलाका मुग्ध भावले सबमा स्नेह जगाए
ब्रजवासीको मनप्राणमा परमानन्द जगाए ॥

दिव्यशक्तिको स्वयं पुञ्ज भई आसुर भाव हटाए
आकर्षणको केन्द्र बनीकन ब्रजमा कृष्ण उदाए ॥

कर्मयोगको मन्त्र सुनाई गोपालनको महिमा गाई
गोरसप्रतिको भाव जगाई नवजीवन ब्यूँझाए ॥

कलापूर्ण जीवनको शैली मानवलाई चिनाए
स्वयं बनी गोपाल अनौठा ब्रजमा कृष्ण उदाए ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसलाई शक्तिशाली बनाउने उसको कर्मकौशल हो। निर्माणशक्तिको विकासमा सहयोगी वन्ने कर्मयोगको अविरल प्रवाह वहाउन सकेमा नै मानिस यथार्थ रूपमा शक्तिशाली हुन्छ। यही सन्देश, यही शिक्षा योगेश्वर भगवान् श्रीकृष्णले आफ्ना वाललीलाहरूद्वारा दिनुभएको छ– तिमी जुन पेशा गर्छौ त्यसलाई आदर्शमा परिणत गर। गोपाल छौ आदर्श गोपाल वन, कृषक छौ आदर्श कृषिजीवी वन। "स्वे स्वे कर्मण्यभिरतः संसिद्धि लभते नरः।" (भगवद्‌गीता १८/४५) गीतामा व्यक्त भएको यो अमर सन्देशको थालनी योगेश्वर श्रीकृष्णका वाललीलाहरूवाटै भएको पाइन्छ।

सत्य धर्मको पालक सामु मानव नतमस्तक हुन्छ
मानवताका रक्षकलाई आदर मानबले गर्छ ॥

जब जब आसुर भाव बढ्न गै अन्धकार फैलिन्छ
जब जब हिंसा द्वेष घृणाले मानवको मन मैलिन्छ
तब तब ईश्वरसत्तावाटै मार्ग उज्यालो मिल्छ सधैं
महापुरुषका चरणधूलिले पावन बन्दछ विश्व सबै ॥ सत्य..

जाति–वर्ण औ लिङ्गभेद क्यै ईश्वरसत्ता मान्दैन
सानो ठूलो धनी निर्धनी ईश्वरसत्ता जान्दैन
सबमा सुख औ शान्ति उदाओस् ईश्वरको सन्देश यही
महापुरुषले दिन्छन् भवमा मानव आकृतिभित्र रही ॥ सत्य...

महापुरुषको पाइ प्रेरणा मानव आत्मा ब्यूँझिन्छ
नारी, पुरुष, बालवृद्धमा आत्मचेतना गुञ्जिन्छ
युगयुग आफ्नो ज्योति पठाई छर्छन् ईश्वर शान्ति सुधा
प्रेम अहिंसा सत्यधर्मले उज्ज्वल बन्छिन् सब वसुधा ॥सत्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मयोगका पथदर्शकको अर्चन सबले गर्छन्
पुरुषोत्तमको महिमा पुग्दछ नगर नगर औ वन वन
युगयुग बाँच्ने अमर चेतना महापुरुषकै हो वरदान
ज्योतिशिखामै दृष्टि लगाई चल्दछ मानवको अभियान ।। सत्य..

भगवान् श्रीकृष्ण योगेश्वर हुनुहुन्छ । लौकिक र आध्यात्मिक दुवै भूमिकामा, मानवीय र अतिमानवीय दुवै धरातलमा भगवान् श्रीकृष्णको व्यक्तित्व अभिव्यक्त भएको छ । धर्मसंव्यापनको निमित्त प्रकट हुनुहुने भगवान् श्रीकृष्णको स्वरूप महापुरुषको रूपमा पनि वर्णित छ भने परमतत्वको रूपमा, सर्वाराध्य, सर्वेश्वरको रूपमा प्राणीमात्रका हृदयनिवासी, सर्वसाक्षी, सर्वाधिष्ठान परमात्माको रूपमा अवतारी श्रीकृष्णको प्रतिपादन शास्त्रहरूमा गरिएको छ । महर्षि वेदव्यासको भाषामा भगवान् श्रीकृष्ण सम्पूर्ण आत्माहरूका पनि आत्मा हुनुहुन्छ । जगत्‌को हितको निमित्त योगमायाको आश्रय लिऐर उहाँ देहधारी जस्तो भएर प्रकट भइदिनुहुन्छ ।

कृष्णमेनमवेहि त्वम्मात्मानमखिलात्मनाम्
जगद्धिताय सोऽप्यत्र देहीवाभाति मायया ।।

श्रीमद्भागवत १०/१४/५५

जो वास्तवमा भगवान् श्रीकृष्णलाई जान्दछन्, उहाँको तात्विक रूपलाई चिन्दछन् तिनको निमित्त यस जगत्‌मा जे जति चर, अचर पदार्थ छन्, अथवा यिनीहरूभन्दा पर परमात्मा, ब्रह्म, नारायण आदि भगवत्स्वरूपहरू छन् ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वैमा भगवान् श्रीकृष्णकै स्वरूप अभिव्यक्त छ। न अरू कुनै प्राकृत वस्तु छ, न अप्राकृत वस्तु जो भगवान् श्रीकृष्णको स्वरूपभन्दा वाहिरको होओस्।

वस्तुतो जानतामत्र कृष्णं स्थास्नु चरिष्णु च
भगवद्रूपमखिलं नान्यद् वस्त्विह किञ्चन ॥

श्रीमद्भागवत १४/५६

भगवान् श्रीकृष्णको लीलाको परीक्षण गर्न अगि सरेका ब्रह्माजीको आफ्नै परीक्षा हुन्छ। भगवान् श्रीकृष्णका वाच्छा, वालसखा सबै हरण गरेर जाँच गर्न खोज्दा ब्रह्माजीले स्वयं आँचिनु परेको थिको। भगवान्ले आफ्नो चिन्मय लीलालाई अक्षुण्ण कायम राख्न आफ्नै स्वरूपवाट उस्तै रङ्ग, उस्तै आकृति, उस्तै नामरूप भएका वाच्छा र उस्तै वर्ण, उस्तै उस्तै पहिरन, उस्तै अनुहार र प्रकृतिका वालसखाहरू आफूवाटै उत्पन्न गरेर ब्रह्माजीको मोह भङ्ग गरिदिनुभयो। अप्राकृत चिन्मय वृन्दावनको दर्शन पाएर आह्लादित भएका ब्रह्माजीले त्यहाँको प्रत्येक वृक्ष, प्रत्येक लता, प्रत्येक पशुपंक्षी, प्रत्येक वाच्छा र गोपवालकहरूमा त्रिभुवन मोहन मुरलीमनोहरको दर्शन पाएर अवनत वन्दै योगेश्वर भगवान् श्रीकृष्ण सामु क्षमा माग्दछन्। ब्रह्माजीले प्रत्यक्ष अनुभव गरे– भगवान् श्रीकृष्णको नाम अनन्त छ। रूप अनन्त छ। लीला अनन्त छ। धाम अनन्त छ। अनन्त सौन्दर्य, अनन्त माधुर्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्तताको नै पर्याय हो भगवान् श्रीकृष्णको लोकोत्तर दिव्य स्वरूप ।

मानवसुलभ चेष्टाहरूद्वारा मनुष्यमात्रलाई ब्यूँझाउने क्रमसा भगवान् श्रीकृष्णले गोसेवाको पवित्र शिक्षा दिनुभएको छ । गोवंशप्रतिको आफ्नो अगाध ममत्व व्यक्त गर्दै उहाँले वन वन घुमेर गोपालनको पवित्र कार्य गर्नुभयो र स्वयं गोपाल, गोविन्द वन्नुभयो । गोसेवालाई भगवान्ले यति महत्वपूर्ण किन मान्नुभयो ? किनभने "गावो विश्वस्य मातर:" गाई विश्वकी जननी हुन् । शिशुको लागि आमाको दूध पछिको सबैभन्दा पौष्टिक, सबैभन्दा हितकर, सबैभन्दा स्वास्थ्यकर वस्तु गाईको दूध नै मानिएको छ । दीर्घायु, तेजस्विता, प्रतिभा, कान्ति, स्फूर्ति सबैको निम्ति गाईको दूध प्रसिद्ध छ ।

अनेकौं वैज्ञानिक परीक्षणहरूले सिद्ध गरेका छन् गाईको दूधमा बोसोको वृद्धिमात्र गर्ने विकार नभई शक्ति, स्फूर्ति र तेजस्विताको अभिवृद्धि गर्ने विशेषता रहन्छ । दूधमा त अनुपम पोषण शक्ति छँदैछ, गाईको गउँत र गोवर सम्ममा पनि कीटनाशक शक्ति रहन्छ । गाईको शरीर छोएर वहने हावा सम्मले पनि स्वास्थ्यको अभिवृद्धि गर्ने कुरा स्वास्थ्यविद्हरू वताउँछन् । त्यसैले जीवन विज्ञानका पारखी वैदिक ऋषिमहर्षिहरूले प्राचीन ऋषिकुल एवं गुरुकुलको अध्ययन परिपाटीमा विद्यार्थीहरूको निमित्त गोसेवाको कार्यक्रम अनिवार्य रूपमा समावेश गरेका थिए । गोधनलाई महत्त्वपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनको स्थान प्रदान गरिएको थियो । वैदिक धर्मसंस्कृतिले सिकाएको गोसेवाको त्यही प्रेरणा मर्यादापुरुषोत्तम भगवान् श्रीराम र योगेश्वर भगवान् श्रीकृष्ण हुँदै हिन्दूधर्मसंस्कृतिको आजसम्मको विकासक्रममा हिन्दूमात्रको निमित्त श्रद्धेय विषय रहिआएको छ । भगवान् श्रीकृष्णले स्वयं गोपाल–गोविन्द बनेर जगाएको गोमाताप्रतिको सेवाभावनालाई भगवान् बुद्ध, तीर्थङ्कर महावीर र गुरुनानक जस्ता महापुरुषहरूले परवर्ती युगमा पनि श्रद्धासाथ अगि बढाउनुभयो । सम्पूर्ण हिन्दूजगत्को एकताको मूलभूत तत्त्व पैल्याउनुपर्‍यो भने ॐकारपछि गोमाताको नै पालो आउँछ ।

भगवान् श्रीकृष्णले इन्द्रपूजाको परम्परा बन्द गराएर गोवर्धनपूजाको परम्परा बसाल्नुभएको थियो । गोवर्धनको पूजा गोचरनप्रतिको श्रद्धाको प्रतीक हो । गोसेवाप्रति ध्याना-कर्षण गर्ने प्रेरक प्रसङ्ग हो । देवताले दिन्छन् भनेर आफ्नो पुरुषार्थलाई प्रयोगै नगरी केवल आकाशको भरोसामा बस्न चाहने प्रवृत्तिलाई रोकेर भगवान्ले कर्मशक्तिको जागरण नै देवशक्तिको विकास गराउने आधारभूत तत्त्व हो, त्यसैको अनुसरण आवश्यक छ भन्ने कुरा बताउनुभयो । भगवान् भन्नुहुन्छ–

खुशी हुन्छन् सबै द्यौता कर्मशक्ति जगाउँदा
हात बाँधी बसेमा त भाग्छन् सौभाग्य सम्पदा ।।

यसरी गोसेवालाई केन्द्रबिन्दु बनाएर गोपाल श्रीकृष्णले कर्मशक्ति जागृत गर्ने अमोघ मंत्र प्रदान गर्नुभएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् श्रीकृष्ण आनन्दका केन्द्र हुनुहुन्छ । निर्भयता, प्रसन्नता, सुकर्मद्वारा जीवनको पूर्णता प्राप्ति यो भगवान् श्रीकृष्णको शाश्वत सन्देश हो । भगवान् श्रीकृष्णको त्रिलोक-मोहन रूपतिर हेऱ्यो भने त्यहाँ कुनै अस्त्रशस्त्र देखिदैन । कुनै भयावह आकृति देखिदैन । त्यहाँ त विश्वविमोहक आनन्दलह-रीको वृष्टि गर्ने मुरली छ । भगवान् श्रीकृष्णका साथ नित्य सहचारी वनेर रहने आह्लादशक्तिस्वरूपा राधा छिन् । यिनै आह्लादशक्तिको कृपापात्र भएको हुनाले मानिस ससारमा एकमात्र हाँस्न सक्ने प्राणी वनेको छ । अरू कुनै प्राणी आफ्नो हृदयको उमङ्गलाई मुखमण्डलमा थ्यक्त गर्न सक्षम छैन । तर मानिस हाँस्तछ । आफ्नो हृदयको उल्लासलाई अधरावलिमा अवतरित गर्न सक्तछ । श्रीकृष्णको सुमधुर लीलामा जुन आह्लादकता छ त्यसको प्रयोजक आधार आह्लादशक्तिस्वरूपा राधा हुन् । विश्वजीवनमा व्यक्त हुने यावत् आह्लाद तत्वको केन्द्रविन्दु यिनै आह्लादशक्ति हुन् । योगेश्वर भगवान् श्रीकृष्णको लोकोत्तर व्यक्तित्वमा यिनैको व्यापकता छ । यिनैको कृपाप्रसाद पाएर मानव अरूलाई सेवाद्वारा, परोपकारद्वारा आह्लादित तुल्याएर स्वयं आनन्दित वन्ने सृष्टिको भूषण वनेको छ । आह्लादशक्तिको कृपा नभएको भए मानव सभ्यताको उद्गम नै हुने थिएन । मानववाट कुनै लोककल्याणकारी कार्य नै हुनसक्ने थिएन । करुणा र सेवाप्रति समर्पित महामानवहरूका अमर गाथा सुन्न पाइने थिएनन् । मानवताको मुहानै सुक्ने थियो । त्यसैले चेतनाशक्तिको सर्वोत्तम विकासभूमि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वनेको मानवजीवनसँग कृष्णतत्वको शाश्वत सम्वन्ध छ। आह्लादशक्तिको नित्य कृपा प्राप्त छ मानवलाई । मानवमात्रका परमाराध्य आनन्द केन्द्र, आह्लादशक्तिका नित्य आश्रय श्रीकृष्ण परम तत्त्व हुनुहुन्छ । "कृष्णात्परं किमपि तत्त्वमहं नजाने" यो साधकहरूले अनुभव गरेको परम सत्य हो ।

परम तत्वको रूपमा प्रतिष्ठित भगवान् श्रीकृष्णको यस तात्विक स्वरूपतिर दृष्टि दिंदै जाँदा उहाँले बजाउने गरेको आनन्दवर्षी बाजाको रूप सामु पर्छ । भगवान्ले वजाउने बाजाका तीन रूप छन्– वेणु, मुरली र वंशी । विषयसुखमा भुलेर आफूलाई बिर्सिन लागिरहेको जीवलाई आफूतिर अभिमुख तुल्याउन भगवान् सर्वप्रथम जुन बाजा वजाउनुहुन्छ त्यो वेणु हो । 'वेणु' शब्दभित्र तीन वस्तु छन्– व, इ र अणु । स्वर्गादि लोक हुँदै ब्रह्मलोकसम्म पुग्दा प्राप्त हुने सुखलाई 'व' शब्दले बुझाउँछ । शब्द, स्पर्श, रूप, रस, गन्ध आदि विषयसँग इन्द्रियको संसर्ग हुँदा प्राप्त हुने सुखको वोधक 'इ' शब्द हो । 'व' र 'इ' यी दुबै जसका सामु अणु छन्, नगण्य छन्, त्यो परम सुख जसवाट प्राप्त हुन्छ त्यो हो वेणु । "वयौ अणू यस्मात् स वेणुः ।" ब्रह्मलोकपर्यन्तको दिव्य सुख र सामान्य प्राणीले सधैं चाहेको यावत् विषयसुख जुन परम-सुखको यामु फीका हुन्छ त्यसको आस्वादन गराउने साधन हो वेणु । भगवद्विमुख प्राणीलाई भगवदुन्मुख वनाउन भगवान् पहिले यही वेणु वजाउनुहुन्छ । वेणुनाद सुनेपछि जीवात्मा दिव्यसुख र मर्त्यसुख दुवैको सुखभन्दा विलक्षण भगवत्सुखलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
प्राप्त गरेर भगवत्प्रेममा अग्रसर हुन्छ। यसरी साधनाप्रवृत्त भक्तको बन्धनलाई हरण गरिदिन भगवान् जुन वाद्ययंत्रको प्रयोग गर्नुहुन्छ त्यो हो 'मुरली'। यसको अर्थ हो सम्पूर्ण पाशहरूलाई यस वाद्यले आफैंमा लीन गर्दछ। ती पाशहरू आठवटा छन्–

ईर्ष्या लज्जा भयंक्रोधो जुगुप्सा चेति पञ्चमी
कुलं शीलं तथा जातिरष्टौ पाशाः प्रकीर्तिताः ॥

अर्थात् ईर्ष्या, लाज, डर, क्रोध, घृणा, ठूलो वंशको हूँ भन्ने अभिमान, म सबैभन्दा चोखो छू भन्ने, चरित्रवान् छू भन्ने अहम्भाव, म ठूलो जातको हूँ भन्ने घमण्ड यी आठवटा पाशहरूलाई 'मुर' भनिएको छ। सम्पूर्ण रूपमा साधनामा समर्पित बन्न चाहेर पनि जीवात्मा यी पाशहरूको घेरामा परेर अगि बढ्न सक्तैन। भगवान्को भएर अगि बढ्न पाउँदैन। ऊ जगत्कै बनिरहेको हुन्छ। यसरी मुर नामक यी आठ पाशहरू जसको माधुर्यमय ध्वनिमा लीन बन्न पुग्दछन् त्यो लोकोत्तर शक्तिसम्पन्न वाद्य हो मुरली। "मुराः पाशा लीयन्ते अस्याम् इति मुरली।" जब मुरली ध्वनिद्वारा भक्तलाई आह्वान गर्नुहुन्छ, उसका विघ्न बनेका सम्पूर्ण मुरहरू, पाशहरू लीन हुन्छन्। ऊ भगवान्को अन्तरङ्ग सेवामा पुग्दछ। जब मुरलीको आह्वान सुन्ने सौभाग्य जीवात्माले पाउँछ ऊ चिन्मयताको अर्कै भावराज्यमा पुग्दछ। बन्धनग्रस्त जीवत्वबाट बन्धनमुक्त शिवत्वमा पुग्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जब बज्दछ मुरली मोहनको झङ्कृत बन्छन् मनका तार
चेतनताको लहरी चल्दछ खोली नव सिर्जनको द्वार ।।

मुरलीको अति सुरिलो स्वरमा भुम्छन् सुर नर मुनि सारा
प्रकृति स्वयं पनि छमछम नाच्छिन् छर्दै नूपुरको झनकार ।।

नेत्र बन्द गरी खगमृग बन्छन् ध्यानमग्न वन उपवनमा
रोमाञ्चित बन्छन् तरु लहरा सरंसरं छरी पुष्प बहार ।।

अंग अंगमा नवजीवनको खुल्दछ शोभा सृष्टिभरी
जडहरूमा पनि जडता भागी चिन्मयता ब्यूँझिन्छ अपार ।।

द्वेष घृणाको कुहिरो फार्दै विकृतिहरूमा विजय गरी
मानव मनले सुन्दरताको दिन्छ सृष्टिमा नव उपहार ।।

यसरी मुरलीको ध्वनिद्वारा बन्धनमुक्त भएर अन्तरङ्ग लीलामा प्रविष्ट भएको साधकलाई भगवान् आत्मसात् गर्नुहुन्छ । भगवान् जुन शक्तिद्वारा भक्तलाई आत्मसात् गर्नुहुन्छ त्यसको नाम 'वंशी' हो । अनादि कालदेखि गुरुवंशको, आचार्य परम्पराको माध्यमबाट खारिँदै आएको साधनामय विद्या–परमविद्या नै वंशीद्वारा प्राप्त हुन्छ । भगवान् विशेष कृपापात्रलाई मात्र वंशीको यो अन्तरङ्ग सुख प्रदान गर्नुहुन्छ । वंशीनाद सुन्ने सौभाग्य पाएको जीवात्मा फेरि भवबन्धनमा पर्दैन । ऊ पूर्णरूपले भगवत्सेवासुखमा विलीन बनेर भगवद्-धाममै विराजमान हुन्छ । यस्ता परमानन्दमय भगवद्धामका भागी बनिसकेका मुक्त आत्माहरू जनकल्याणको निमित्त भगवत्प्रेरणाले जन्म लिन आउनु परे तापनि नित्यमुक्त,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
जीवनमुक्त बनेर रहन्छन् र भगवत्कार्य सम्पादन गर्दै सामान्य सांसारिक प्राणीलाई मार्गदर्शन गरेर जान्छन् । वंशीको यो परमविद्यामय स्वरूपले साधनाको निमित्त गुरु अथवा आचार्यको अपरिहार्यतालाई सिद्ध गर्दछ । उपनिषद्को त स्पष्ट घोषणा नै छ जसको प्राणीमात्रका परमाराध्य प्रभुमा परा भक्ति छ, जसको प्रभुमा जस्तै गुरुमा पनि परा भक्ति छ, उपनिषद्मा वताइएका आत्मसाधनाका यी अनमोल शिक्षाहरू त्यसैको हृदयमा प्रकाशित हुन्छन् । त्यस्तै साधक महात्मा हुन्छ ।

यस्य देवे परा भक्ति यथा देवे तथा गुरौ
तस्यैते सकला ह्यर्थाः प्रकाशन्ते महात्मनः ॥

(श्वेताश्वतर उप.)

एकथरी मानिस गुरुको आवश्यकता छैन भन्ने भ्रम राख्दछन् र अमुक मंत्र अमुक पुस्तकमा छँदैछ त्यहींवाट सारेर लिए भैगयो, सोऽहं जपे भैगयो भन्दछन् । तर त्यो भनाई भ्रान्तिपूर्ण भनाई हो । जव संसारको सामान्यभन्दा सामान्य विषय सिक्न पनि शिक्षक चाहिन्छ, मार्गदर्शक चाहिन्छ भने आत्मविद्या सिक्न चाहिं कोही चाहिंदैन भन्ने संझिनु कति भ्रमपूर्ण हुन्छ ? दूध हामी दुइ प्रकारवाट प्राप्त गर्न सक्तछौं । एउटा गोमाताको स्तनबाट दुहेर ल्याएको ताजा, स्वच्छ, शुद्ध, स्फूर्तिदायी नैसर्सिक रूपले पौष्टिक वनेको पवित्र दूध र अर्को विविध कृत्रिम उपायवाट चूर्णमा परिणत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको वट्टाको दूध । दूध त दुइटै दूध नै भनिन्छन् तर ती दुइमा आकाश जमीनको फरक हुन्छ । एउटा जहाँतहीं पाइन्छ, कृत्रिमतै कृत्रिमताले भरिएको हुन्छ । अर्को गोवंशको परम्पराबाट एउटा गाईपछि अर्को गाई गर्दै प्राकृतिक रूपबाट आएको हुन्छ । अमृतमय हुन्छ । त्यस्तै गुरुपरम्पराबाट साधनाद्वारा खारिंदै आएको छ भने गुरुमुखबाट विधि-पूर्वक दीक्षा ग्रहण गरेर लिइएको छ भने त्यो मंत्र, त्यो साधना नैसर्गिक रूपले गाईको स्तनबाट प्राप्त भएको ताजा स्फूर्तिदायी दूधजस्तै अत्यन्त फलदायी हुन्छ । यस्तै साधनाले साधकलाई आत्मलाभ हुन्छ । विना परम्परा, विना विधि, जहाँबाट पायो त्यहींबाट लिइएको मंत्रसाधना फलदायी वन्न सक्तैन । वेदको सार्वभौम उद्घोष छ– मर्यादापूर्वक, नियममा रहेर साधना गर्नेलाई सही मानेमा दीक्षा प्राप्त हुन्छ । दीक्षाबाट साधकलाई लक्ष्यप्राप्तिमा अनुकूलता प्रदान गर्ने दाक्षिण्यसम्पादिका प्रज्ञा प्राप्त हुन्छ । दाक्षिण्यसम्पादिका बुद्धि प्राप्त भएपछि श्रद्धाको समुज्ज्वल प्रकाश साधकलाई प्राप्त हुन्छ । श्रद्धा जागेपछि त साधक सत्यको द्वारमै पुग्दछ ।

व्रतेन दीक्षामाप्नोति दीक्षयाऽप्नोति दक्षिणाम्
दक्षिणा श्रद्धामाप्नोति श्रद्धया सत्यमाप्यते ॥

(शु. य. १९/३०)

यस्तै अमृतमय भगवत्शरणागतिको साधनाबाट प्राप्त हुने परा विद्यालाई वंशीले प्रदान गरिदिन्छ । अनि साधक पूर्णता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्त गरेर अमर वन्दछ । भगवान् आफ्नो वंशीको महिमा गाउँदै भन्नुहुन्छ–

छ मेरो भावको वंशी म भावै भावमा बस्छु
उज्यालो चेतना ब्यूँझेस् युगैपिच्छे म चाहन्छु ।। छ मेरो०
अंध्यारो आसुरी मैलो हटाई नित्य यो भवमा
लिई यै बाँसुरी रच्छु म चोखो सृष्टिको रचना ।। छ मेरो ०
जहाँ भो भावना सुन्दर त्यहीं जन्मिन्छ सुन्दरता
त्यसैले बज्छ यो मुरली हटाई सृष्टिको जडता ।। छ मेरो०
नठाने बाँसको टुक्रो सखे ! यो बाँसुरीलाई
यसैको शक्तिले दिन्छु सहारा यो जगत्लाई ।। छ मेरो०

भगवान् श्रीकृष्ण । कृष्ण नामको उच्चारणमा रसनाले पनि नाच्नु पर्दछ । सौन्दर्यको अनन्त निकेतन, भगवान् श्रीकृष्ण । अनन्त माधुर्यसिन्धु भगवान् श्रीकृष्ण । आह्लाद-शक्तिका शाश्वत आश्रय भगवान् श्रीकृष्ण । जीवमात्रका परमाराध्य भगवान् श्रीकृष्ण । सर्वेश्वर, सर्वाधार, सर्वसाक्षी, सर्वाधिष्ठान भगवान् श्रीकृष्ण । अनन्त कर्मसौन्दर्यका प्रतिपादक योगेश्वर श्रीकृष्ण । साधकहरूका अभीष्टदाता सच्चिदानन्दघन श्रीकृष्ण । महापुरुष श्रीकृष्ण । परमतत्त्व श्रीकृष्ण । वेणुनाद-द्वारा आफ्नो परिचय दिने भक्तवाञ्छाकल्पतरु श्रीकृष्ण । मुरलीध्वनिद्वारा विघ्न निवारण गरिदिने अनन्त करुणावरु-णालय श्रीकृष्ण । वंशीनादद्वारा पराविद्या प्रदान गर्ने मुक्तिदाता, भवबन्धनहारी हृदयविहारी श्रीकृष्ण । योगेश्वर भगवान् श्रीकृष्णको स्वरूपसम्म संझिन सक्दा पनि जीवजगत् धन्य हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्य धर्मका संरक्षक भगवान् श्रीकृष्ण

आफ्नो अवतारलक्ष्यको रूपमा भगवान्ले तीन कुरालाई उल्लेख गर्नुभएको छ। पहिलो हो "परित्राणाय साधूनाम् ।" दोस्रो हो "विनाशाय च दुष्कृताम् ।" तेस्रो र अन्तिम लक्ष्य हो "धर्मसंस्थापनार्थाय ।" यी तीन कुरालाई उल्लेख गरेर भगवान् भन्नुहुन्छ यिनैको लागि– "संभवामि युगे युगे ।" म यी तीन महान् कार्य गर्नको लागि कुनै एक समयमा होइन प्रत्येक युगमा अवतीर्ण भइरहन्छु।

साधु, सन्त, सज्जनको परित्राण भगवान्को अवतारको पहिलो प्रयोजन हो। किनभने सज्जनताको रक्षा विना सत्य धर्मको संरक्षण संभव हुँदैन। संसारमा आज जति नै मानवताविरोधी ताकतहरू सक्रिय होउन्, जति नै उपद्रवहरू मच्चिइरहेका होउन् आखिर सत्य धर्मप्रतिको आस्था जीवित छ, सेवाभावना जीवित छ, परोपकारको आस्था जीवित छ, त्यसैले मानवता प्रति विश्वास बाँचेको छ। शान्तिप्रतिको आस्था बाँचेको छ। यसरी सेवाभावना, परोपकार, शान्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

भावनालाई जीवित राख्नमा सबैभन्दा ठूलो योगदान जसले पुऱ्याएका हुन्छन् ती सन्त–सज्जन नै हुन् । कसैले प्रचार–प्रसारमा आएर, कसैले प्रचार र प्रसिद्धिप्रति निरपेक्ष रही मानवताप्रतिको आन्तरिक निष्ठालाई सँगालेका हुन्छन् । ज्ञात, अज्ञात दुबै स्थितिबाट समाजमा यस्ता निष्काम साधकहरूको साधनामय जीवनबाट प्रेरणा फैलिइरहेको हुन्छ । त्यसैले सन्तसज्जनहरूको संरक्षणबाट सत्यधर्मको संरक्षणमा प्रभावपूर्ण सहयोग पुग्ने हुनाले भगवान् भन्नुहुन्छ– "परित्राणाय साधूनाम् ।"

यदि मानवसमाजबाट समष्टिकल्याणको भावनाले उत्सर्ग गर्ने सन्तसज्जनहरूलाई झिकिदिने हो भने मानव इतिहासकै रूपरेखा बदलिन्छ । परोपकार, त्याग र सेवाका स्वर्णिम पानाहरू निष्काशित हुन्छन् । मानवसमाज परोपकार, दया, करुणा, स्नेह, मैत्रीबाट पूरै वञ्चित एउटा संघर्षको कहानी बन्न जान्छ । जीवनको कल्याणकारिता प्रति अविश्वास व्याप्त हुन्छ । आध्यात्मिक साधनाप्रतिको आकर्षण नै कुण्ठित हुन्छ । मानव आत्ममानव नबनेर शरीर मानव बन्न पुग्दछ । फलस्वरूप जीवनको मूल्य नै विस्मृत हुन्छ । त्यसैले सज्जनताको परित्राणलाई भगवान्ले यति महत्त्व दिनुभएको छ । "परित्राणाय साधूनाम्" भनेर भगवान्ले सज्जनताको मूल्य र महत्त्वलाई यसरी जागृत गरिदिनुभएको छ ।

सज्जनताको परित्राण सकारात्मक पक्षबाट धर्मसंरक्षणमा सघाउ पुऱ्याउने कदम हुन्छ भने दुष्टता एवं दुर्जनताको विनाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
गर्नु चाहि निषेधात्मक पक्षवाट सत्यधर्मको संरक्षण गर्ने कदम हुन्छ। त्यसैले अवतारको दोस्रो महत्त्वपूर्ण उद्देश्य हुन्छ दुर्जनताको निवारण। यसैलाई भगवान्ले "विनाशाय च दुष्कृताम्" भनेर उल्लेख गर्नुभएको छ।

धर्मसंस्थापनको निमित्त भगवान् श्रीकृष्णले जुन महत्त्वपूर्ण आधारलाई वलियो वनाउन चाहनुभयो त्यो आधार थियो राजसंस्थाको मर्यादापूर्ण स्वरूपको प्रतिष्ठापन। "सर्वे लोका राजधर्मे प्रतिष्टाः" (महाभारत शा. प. ६३/२६) भनिए जस्तै यदि लोकजीवनमा सत्य धर्मको प्रतिष्ठालाई सवल तुल्याउनु छ भने त्यसको लागि राजसंस्थाको सक्रिय नेतृत्वमा नै त्यो संभव हुन सक्तछ। त्यस वेला कंस, जरासन्ध, शिशुपाल, दन्तवक्त्र, दुर्योधन आदि आसुरी वृत्तिका अनुयायीहरूले राजर्षिहरूको आदर्श परम्परालाई दूषित तुल्याइरहेका थिए। निर्दोष, निरपराध जनतामाथि थरीथरीका अत्याचारहरू र आक्रमणहरू भइरहन्थे। अनावश्यक शोषणनीति चलाएर यी दुष्टहरूले सम्पूर्ण आर्यावर्तलाई अन्याय र उत्पीडनको गढ वनाएका थिए। भगवान् श्रीकृष्णले यिनलाई सावधान गराउनुभयो। आफ्नो धर्मसंस्थापनको अभियानमा सहयोग पुर्‍याउन आह्वान गर्नुभयो। जसले माने तिनलाई साथमा लिनुभयो। जसले मानेनन् तिनलाई उचित सजाय दिनुभयो। "विनाशाय च दुष्कृताम्" भन्ने आफ्नो अवतारकृत्यको सम्पादन गर्ने क्रममा वाल्यावस्थाका मधुर लीलाहरूमा नै शकटाशुर, तृणावर्त, वत्सासुर, वकासुर, अघासुर, व्योमासुर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
अरिष्टासुर, धेनुकासुर, केशी, आदि दुष्टहरूको संहार गर्नुभयो। किशोर अवस्थामा पुगेर एघार वर्षको उमेरमा मथुराको शासक कंसलाई मारेर भगवान् श्रीकृष्णले राज-संस्थाको धर्ममय परम्परामा ऐजेरु बन्न आएका दुष्ट शासकहरूको अन्त गर्ने सिलसिला शुरु गर्नुभयो।

भगवान् श्रीकृष्णले कंसलाई अन्त गरेर मथुराको राजसिंहासनमा महाराज उग्रसेनलाई विराजमान गराउनुभयो। भगवान् श्रीकृष्णलाई त्यो राजसिंहासन स्वयं सह्माल्न आग्रह गरिंदा पनि उहाँले लिन स्वीकार गर्नुभएन। आफू स्वयं निष्काम स्वयंसेवक बनेर धर्मराज्यको संरक्षणमा संलग्न रहनुभयो। परन्तु स्वयंनिम्ति राज्यको कुनै लालसा उहाँमा रहेन। निष्काम कर्मयोगका आचार्य भगवान् श्रीकृष्णको अनुपम त्यागको प्रमाण हामी यस प्रसङ्गमा पाउँछौं।

भगवान् श्रीकृष्ण के चाहनुहुन्थ्यो भन्ने कुरा उहाँले भगवद्गीताको तेस्रो अध्यायमा दिनुभएको उदाहरणबाट थाहा हुन्छ। भगवान्ले राजर्षि जनकलाई आदर्श कर्मयोगीको रूपमा चर्चा गर्नुभएको छ। "कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः" (श्रीमद्भगवद्गीता ३/२०)। सिद्धि मात्र होइन संसिद्धिलाई प्राप्त गर्नु जीवनको लक्ष्य हो भन्ने संकेत भगवान् श्रीकृष्णले गीतामा स्पष्ट रूपमा दिनुभएको छ। त्यो संसिद्धि पाएका महापुरुषहरूको गणनामा राजर्षि जनकको नाम लिएबाट धर्मसंस्थापनको कार्यमा राजमुकुटको महत्त्वपूर्ण भूमिका स्पष्ट हुन्छ। आफ्ना लोकपावन विभूतिहरूको गणना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रममा भगवद्‌गीताको दशौं अध्यायमा भगवान्‌ले "नराणां च नराधिपम्" भनेर मनुष्यमा राजा मेरै रूप हो भन्नुभएको छ (श्रीमद्भगवद्‌गीता १०/२७) । यसरी वैदिक धर्मको प्रतिष्ठापनसँगै वेदद्वारा प्रतिपादित धर्मराज्यको प्रतिष्ठापनमा भगवान् श्रीकृष्णले जोड दिनुभएको छ र यसैमा योगदान दिन सबैलाई आह्वान गर्नुभएको छ । धर्मसंस्थापनको कार्यमा निष्पक्ष न्यायव्यवस्थाको आवश्यकता पर्दछ । दुर्व्यवहार गर्नेहरूलाई सजाय अवश्य मिल्नु पर्दछ र असल काम गर्नेहरूलाई पुरस्कारको व्यवस्था अवश्य हुनुपर्दछ । यसप्रकारको निष्पक्ष व्यवस्था गर्न राजा नै समर्थ हुन्छन् । किनभने उनको लागि कुनै भेदभावको स्थिति रहँदैन । सूर्यको प्रकाशको निम्ति कुनै छेकबार नभए जस्तै राजाको वात्सल्यको निम्ति जाति, वर्ण, लिङ्ग, सम्प्रदाय कुनै कुराले अवरोधको रूप लिन सक्तैन । राजा सबैका साझा हुन्छन् । सबै जाति, सबै वर्ण, सबै लिङ्ग, सबै सम्प्रदायका प्रजाहरूमा राजाको उत्तिकै स्नेह र ममत्व हुन्छ । वाह्य उपाधि प्रति निरपेक्ष रही राजाले सबैलाई संरक्षण प्रदान गर्दछन् । त्यसैले राजामा लोकपालक भगवान् विष्णुको कला रहने कुरा स्वीकारिएको छ । भनिएको छ– "नाऽविष्णुः पृथिवीपतिः" अर्थात् विष्णुको अंश नमिली राजा हुँदैनन् ।"

राजदण्डलाई धर्मको मूर्त रूप मानिएको छ । दण्ड दुष्टताको विनाश गरेर सज्जनताको रक्षा गर्नका निमित्त क्रियाशील हुन्छ । मनुका मार्मिक उद्‌गारहरू यहाँ संझौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निष्पक्ष रूपमा अन्यायको निवारण र न्यायको परिपालनको काम गर्ने दण्ड नै स्वयं राजा हो, पुरुष हो, शासक हो, नेता हो र चारै आश्रमका साधकहरूको धर्मको साक्षी हो ।

स राजा पुरुषो दण्डः स नेता शासिता च सः ।
चतुर्णामाश्रमाणां च धर्मस्य प्रतिभूः स्मृतः ।। (मनु. ७/१७)

मनु अगाडि भन्दछन्–

दण्डः शास्ति प्रजाः सर्वा दण्ड एवाभिरक्षति
दण्डः सुप्तेषु जागर्ति दण्डं धर्मं विदुर्बुधाः ।। (मनु. ७/१८)

अर्थ– दण्डले नै सबै प्रजाहरूको शासन गर्दछ, दण्डले नै उनीहरूको सब प्रकारबाट रक्षा गर्दछ । सारा संसार सुतिरहेको भए पनि दण्ड चाहिं जागिरहेको हुन्छ । त्यसैले दण्ड नै धर्म हो भनी विद्वानहरू भन्दछन् ।

राजाले पात्र अपात्र, योग्य अयोग्य राम्ररी ठम्याएर विधिपूर्वक दण्ड व्यवस्था सञ्चालित गरेमा त्यसबाट समस्त प्रजाहरूको रञ्जन हुन्छ । समस्त प्रजाहरू प्रसन्न हुन्छन् । यदि कदाचित् राम्रो विचार पुऱ्याएर दण्डको प्रयोग गरेनन् भने चाहिं त्यो सबै प्रकारबाट विनाशकारी हुन्छ ।

यदि न प्रणयेद् राजा दण्डं दण्डयेष्वतन्द्रितः ।
शूले मत्स्यानिवापक्ष्यन् दुर्बलान् बलवत्तराः ।। (मनु. ७।२१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् यदि राजाले दण्डनीयहरूमाथि तदारूकता साथ दण्ड प्रयोग गरेनन् भने वलियाहरूले निर्वलहरूलाई फलामका कोलामा माछालाई उनेर पकाएझैं पकाउनेछन् ।

अनि त्यो स्थितिमा–

अद्यात्काकः पुरोडाशं श्वा च लिह्याद्धविस्तथा ।
स्वाम्यं च न स्यात्कस्मिंश्चित्प्रवर्तेताधरोत्तरम् ।। (मनु. ७/२१)

अर्थ– कागले यज्ञको पवित्र अन्न खाइदिने छ, कुकुरले यज्ञको पवित्र हवनीय पदार्थ समाप्त पारिदिनेछ । कसैको कसैमाथि अदत्र रहने छैन र नीचहरू उच्च आसनमा वस्न पुग्नेछन् ।

प्रसङ्गको उपसंहारमा मनु भन्दछन्–

सर्वो दण्डजितो लोको दुर्लभो हि शुचिर्नरः
दण्डस्य हि भयात् सर्वं जगद्भोगाय कल्पते ।। (मनु. ७/२२)

दण्डको डरले नै सबै आ–आफ्नो अनुशासनमा रही काम गर्दछन् । आफ्नै स्वविवेकले पवित्र बन्ने मानिस पाउनु साह्रै गाह्रो छ । दुष्टहरूलाई दण्डको डर हुन्छ र मात्र यो दुनियाँले आ–आफ्नो धनमालको उपभोग गर्न सकेका छन् ।

यसरी कसैप्रति कुनै मोलमुलाहिजा नगरी, कुनै पक्षपातको भाव नराखी समानताको आधारमा सज्जनताको संरक्षण र दुर्जनताको निवारण गर्ने हुनाले नै राजामा देवत्वको दृष्टि राख्ने निर्देश स्मृतिकारहरूले गरेका छन् । अन्यायमा परेका, दुष्ट दुर्जनहरूको त्रास र आतंकका शिकार बनेका दुःखी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पीडित प्रजाहरूको विपत्ति निवारणको लागि नै राजसंस्थाको उद्भव भएको मानिएको छ ।

मनुकै वचन छ–

अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुते भयात् ।
रक्षार्थमस्य सर्वस्य राजानमसृजत् प्रभुः ।।

अर्थात् आफ्नो संरक्षक कोही नपाएर जब प्रजाहरू भयले अत्यन्त व्याकुल बन्न लागेका थिए त्यसबेला सम्पूर्ण प्रजावर्गको रक्षाको निमित्त परमेश्वरले राजाको सृष्टि गर्नुभयो ।

प्राचीन राजपरम्परामा आदर्श राजामा निम्नलिखित आदर्श गुणहरू रहनु स्वाभाविक मानिएको छ । महर्षि याज्ञवल्क्य भन्दछन्–

महोत्साहः स्थूललक्षः कृतज्ञो वृद्धसेवकः ।
विनीतः सत्यसम्पन्नः कुलीनः सत्यवाक् शुचिः ।।

अदीर्घसूत्रः स्मृतिमानक्षुद्रोऽपरुषस्तथा ।
धार्मिकोऽव्यसनश्चैव प्राज्ञः शूरो रहस्यवित् ।।

स्वरन्ध्रगोप्ताऽन्वीक्षिक्यां दण्डनीत्यां तथैव च ।
विनीतस्त्वथ वार्तायां त्रय्यां चैव नराधिपः ।।

अत्यन्त उत्साही, दान कर्ममा बढी श्रद्धा राख्ने, अरूले गरेको राम्रो कुराको कदर गर्ने, बूढापाकाको सेवा गर्ने, विनयी, दुःखसुखमा समान रहने, उच्च कुलको, साँचो बोल्ने, पवित्र आचरण भएको कर्मठ, स्मरणशक्तिसम्पन्न, अवगुणहरू-बाट पर रहने, कोमल स्वभाव भएको, धर्ममा आस्थावान्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै पनि खराब व्यसनमा नलागेको, शास्त्रका कुरालाई गम्भीरतासाथ बुझ्ने, शूरो, गोप्य कुरालाई बचाइराख्न सक्ने, आफ्नो राज्यका सबै द्वारलाई शत्रुप्रवेशबाट रोक्न सक्ने, आध्यात्मिक विद्या र दण्डनीतिमा प्रवीण, कृषि, वाणिज्य, पशुपालनमा कुशल, वैदिक परम्परामा सुशिक्षित व्यक्ति राजा हुन्छ ।

(याज्ञवल्क्य स्मृति १४/१–३)

यो राजर्षिहरूको परम्परागत आदर्श हो । वैदिक युगको राज्यव्यवस्थाले राजामा यिनै सद्गुणहरूको विकास गरेको थियो । उपनिषद्कालका आदर्श राजाहरू, रामायणकालका प्रजा वत्सल नरेशहरू, महाभारत र पुराणकालका आदर्श भूपतिहरू यिनै गुणहरूले विभूषित थिए । राजपरम्पराका यी सामान्य मान्यता र आदर्श सद्गुण थिए । राजाको कल्याणकामना गर्दै देवताहरूप्रति प्रार्थना गरिएको शुक्ल यजुर्वेदको एउटा मन्त्रमा राज्यका अनेकौं प्रकार र स्वरूपहरूमध्ये 'जानराज्य' एउटा विशेष प्रकारको रूपमा उल्लेख भएको छ जहाँ राजा सम्पूर्ण रूपमा प्रजाको हितमा नै केन्द्रित रहन्थे । "प्रजासुखे सुखं राज्ञः प्रजानां च हिते हितम्" अर्थात् प्रजाहरूको सुख नै राजाको सुख हुन्छ र प्रजाहरूको हितमा नै राजाको हित हुन्छ भन्ने उज्ज्वल मान्यता थियो ।

वेदद्वारा प्रतिपादित प्राचीन राज्यपरम्परामा राजामा हुने गुणको चर्चा गर्दै रामराज्यका व्याख्याता महर्षि वाल्मीकि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वालकाण्डको पहिलो सर्गमा मर्यादापुरुषोत्तम भगवान् श्रीराम-का गुणहरूको चर्चा गर्दै लेख्दछन्–

धर्मज्ञः सत्यसंन्धश्च प्रजानां च हिते रतः ।
यशस्वी ज्ञानसम्पन्नः शुचिर्वश्यः समाधिमान् ॥

प्रजापतिसमः श्रीमान् धाता रिपुनिषूदनः ।
रक्षिता जीवलोकस्य धर्मस्य परिरक्षिता ॥

रक्षिता स्वस्य धर्मस्य स्वजनस्य च रक्षिता ।
वेदवेदाङ्गतत्त्वज्ञो धनुर्वेदे च निष्ठितः ॥

सर्वशास्त्रार्थतत्त्वज्ञः स्मृतिमान् प्रतिभानवान् ।
सर्वलोकप्रियः साधुरदीनात्मा विचक्षणः ॥

सर्वदाभिगतः सद्भिः समुद्र इव सिन्धुभिः ।
आर्यः सर्वसमश्चैव सदैव प्रियदर्शनः ॥

स च सर्वगुणोपेतः कौसल्यानन्दवर्धनः ।
समुद्र इव गाम्भीर्ये धैर्येण हिमवानिव ॥

विष्णुना सदृशो वीर्ये सोमवत्प्रियदर्शनः ।
कालाग्निसदृशः क्रोधे क्षमया पृथिवीसमः ॥
धनदेन समस्त्यागे सत्ये धर्म इवापरः ॥

(वा. रा.वा. १/१२–१८)

अर्थ– श्रीराममा संयम थियो, बोलेको कुरा पूरा गर्ने बानी थियो, प्रजाहरूको हितमा उहाँ सधैं संलग्न रहनुहुन्थ्यो । उहाँको सुयश चारैतिर फिंजिएको थियो । ज्ञानले पूर्ण, पवित्र. स्वयंमाथि नियन्त्रण राख्न सक्ने, राम्रो ठह्न्याएको कुरालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तन्मयता साथ सम्पन्न गर्ने विशेषता श्रीराममा थियो । उहाँ सृष्टिरचयिता ब्रह्मासमान नयाँ नयाँ सिर्जनालाई रुचाउने, श्रीसमृद्धिले पूर्ण, सबैका पोषणकर्ता, शत्रुहरूका संहारक, समस्त जीवजगत्का संरक्षक, धर्मका परिपालक, स्वधर्मका प्रवल संरक्षक. आफन्तहरूको रक्षा गर्ने, वेदवेदाङ्गका तत्त्वज्ञ, अस्त्रशस्त्रको सञ्चालनमा प्रवीण, सर्वशास्त्रका पारखी, विलक्षण स्मृतिशक्तिले परिपूर्ण, प्रतिभाशाली, समस्त प्रजा-वर्गका प्यारा, प्रार्थना गरिएका सबै काम पूरा गरिदिने, कहिल्यै दीनता नदेखाउने, जुनसुकै विषयमा पनि विचक्षण हुनुहुन्थ्यो । नदीहरू सधैं समुद्रतिर लम्किएझैं सज्जनहरू सधैं उहाँका वरिपरि रहन्थे । मर्यादा र सुशीलताको प्रेरणा प्रदान गर्ने आर्यत्व उहाँमा सधैं झल्किन्थ्यो । उहाँ सबैमा समान व्यवहार गर्नुहुन्थ्यो । हेरिरहूँजस्तो प्रियदर्शन हुनुहुन्थ्यो । कौशल्याको आनन्दवर्धन गर्ने श्रीराम सबै उत्तम गुणले परिपूर्ण हुनुहुन्थ्यो । गंभीरतामा उहाँ समुद्रसमान हुनुहुन्थ्यो । धैर्यमा हिमालयजस्तै हुनुहुन्थ्यो । पराक्रममा भगवान् विष्णु समान हुनुहुन्थ्यो । चन्द्रमाजस्तै हेरिरहूँजस्तो लाग्ने उहाँको रूप थियो । रिसाएका बेला, प्रलयकालका अग्नि समान र क्षमाप्रदान गर्नमा पृथिवी समान उहाँ हुनुहुन्थ्यो । दान दिनमा कुबेर समान र सत्यको परिपालनमा साक्षात् धर्ममय स्वरूप श्रीरामको थियो ।

जब राज्याभिषेकको प्रसङ्ग आउँछ, श्रीरामका यिनै गुणहरूले गर्दा प्रजाहरू महाराज दशरथका सुयोग्य उत्तराधि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारीको रूपमा श्रीरामलाई नै चयन गर्ने राय एकमतले दिन्छन् । किनभने राजसंस्थाको धर्मकेन्द्रित मर्यादामय प्रतिष्ठाको संरक्षण गर्ने काम श्रेष्ठ गुणवान् राजावाट मात्र सभव हुने कुरामा प्रजाहरू विश्वस्त थिए । त्यसैले उनीहरूले राज्याभिषेकको निमित्त निर्विकल्प पात्रको रूपमा श्रीरामलाई नै सिफारिस गर्दछन् र प्रजावर्गको रुचिलाई हृदयंगम गरेर सम्राट् दशरथले श्रीरामलाई राज्याभिषेक गर्दछन् । यस कुरालाई वाल्मीकिले यसरी उल्लेख गरेका छन्–

तमेवं गुणसम्पन्नं रामं सत्यपराक्रमम् ।
ज्येष्ठं ज्येष्ठगुणैर्युक्तं प्रियं दशरथः सुतम् ।।

प्रकृतीनां हितैर्युक्तं प्रकृतिप्रियकाम्यया ।
यौवराज्येन सं ेतुमैच्छत्प्रीत्या महीपतिः ।।

(वा. रा. बा. १/१९–२१)

अर्थ– यसप्रकार उत्तम गुणले युक्त भएका, साँचा पराक्रमी, छोराहरूमा जेठा र श्रेष्ठ गुणहरूले विभूषित प्रियपुत्र श्रीरामलाई सधैं प्रजाहरूको हितचिन्तन गर्ने देखेर प्रजाहरूको शुभेच्छा समेत बुझी राजा दशरथले प्रसन्नता साथ श्रीरामलाई नै युवराजको पदमा अभिषिक्त गर्ने निधो गरे । भावी राजाको रूपमा श्रीरामलाई चाहने प्रजाहरू उहाँप्रति कस्तो श्रद्धा राख्दथे भन्ने कुरा अयोध्याका प्रजाहरूको उद्गारबाट स्पष्ट हुन्छ । प्रजाहरू भन्दछन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न हि तद्भविता राष्ट्रं यत्र रामो न भूपतिः ।
तद्वनं भविता राष्ट्रं यत्र रामो निवत्स्यति ।।

अर्थात् जहाँ राजा राम छैनन्, त्यो जति नै वैभवसम्पन्न देश भए पनि हाम्रो निम्ति राष्ट्र हुँदैन । हाम्रो लागि त वनै भए पनि त्यही राष्ट्र हुनेछ जहाँ राजा राम रहन्छन् ।

यसरी समयको गतिसँगै विकसित बन्दै गएको सत्य र धर्मप्रतिको जनआस्थालाई सधैं जागरूक राख्न राजसंस्थाले महत्त्वपूर्ण भूमिका खेलेका अनेकौं प्रेरणादायी प्रसङ्गहरू संस्कृत वाङ्मयमा पाइन्छन् । यिनै पवित्र प्रसङ्गहरूले राजमुकुटप्रतिको आस्था र विश्वासलाई युगौंदेखि जनजीवनमा पुष्ट तुल्याउँद आएका छन् । स्वयं सद्गुणहरूले परिपूर्ण भई जनजीवनमा आदर्शप्रति, ;अनुशासित जीवनप्रति निष्ठा जागृत तुल्याउनु वैदिक युगदेखि नै राजमुकुटको सर्वोपरि उद्देश्य रहेको छ ।

आदर्श राजाका विशेषताहरूको चर्चा गर्दै महाभारत अनुशासन पर्वमा भीष्मपितामहले धर्मराज युधिष्ठिरलाई बताएका लक्षणहरू विशेष मननीय छन् । भीष्म भन्दछन्–

आत्मवांश्च जितक्रोधः शास्त्रार्थकृतनिश्चयः ।
धर्मे चार्थे च कामे च मोक्षे च सततं रतः ।।
त्रय्यां संवृतमन्त्रश्च राजा भवितुमर्हति ।।

(म. भा. शा. प. ५७/१३–१४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ– राजाले स्वाभिमानी, क्रोधविजयी, शास्त्रको आधारमा कृत्याकृत्य निर्णय गर्ने, धर्म, अर्थ, काम र मोक्षमा सधैं संलग्न, ऋग्वेद, यजुर्वेद तथा सामवेदद्वारा बताइएका राज्यव्यवस्थाको परिपालन गर्ने राजा राज्यसञ्चालनमा सुयोग्य हुन्छन् ।

यसरी वैदिक राज्यपरम्पराद्वारा निर्धारित गरिएको राजमर्यादामा अनेकौं आदर्श गुणहरूको प्रतिपादन गरिएको छ । यिनै आदर्श गुणहरूले गर्दा राजसंस्थाप्रति युगौंदेखि जनविश्वास सबल रही आएको छ । दिव्यगुणहरू रहने हुनाले नै राजामा इन्द्र, कुवेर, वरुण आदि देवताहरूको अंश रहने कुरा मानिएको छ ।

भीष्म अगाडि भन्दछन्–

क्षिप्रकारी जितक्रोधः सुप्रसादो महामनाः ।
अशेषप्रकृतिर्युक्तः क्रियावानविकत्थनः ।।
आरब्धान्येव कर्माणि सुपर्यवसितानि च ।
यस्य राज्ञः प्रदृश्यन्ते स राजा राजसत्तमः ।।
पुत्रा इव पितुर्गेहे विषये यस्य मानवाः ।
निर्भया विचरिष्यन्ति स राजा राजसत्तमः ।।
अगूढविभवा यस्य पौरा राष्ट्रनिवासिनः ।
नयापनयवेत्तारः स राजा राजसत्तमः ।।
स्वकर्मनिरता यस्य जना विषयवासिनः ।
असंघातरता दान्ता पाल्यनामा यथाविधि ।।
वश्या नेया विधेयाश्च न च संघर्षजीविनः ।
विषये दानरुचयो नरा यस्य स पार्थिवः ।।

(म. भा. शा. प. ५७/३१–३६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ– राजामा गर्ने कुरा चाँडै सम्पन्न गरिहाल्ने बानी हुनुपर्दछ। क्रोधमाथि विजयी हुनुपर्दछ। प्रजाहरूको प्रार्थना सुनेर त्यसलाई प्रसन्नता साथ पूरा गरिदिने सत्प्रवृत्ति हुनुपर्दछ। विशाल सोचाई, नरिसाउने बानी, फलासक्तिविना शुभकर्ममा प्रवृत्ति, कर्मठता, आत्मप्रशंसा प्रति निरपेक्षता, कुनै काम थाल्यो कि त्यसलाई पूरागरेरै छोड्ने बानी यी शुभलक्षणहरू जसमा छन् ती सर्वोत्तम राजा हुन्। बाबुको घरमा छोराछोरी निश्चिन्त भएर रहेझैं जसको राष्ट्रमा प्रजाहरू निर्भय भएर रहन्छन् ती सर्वश्रेष्ठ राजा हुन्। जसको राज्यमा राम्रो र नराम्रो बाटो बुझेका राष्ट्रवासी प्रजाहरू आफ्नो कुनै पनि धनसम्पत्ति नछिपाइकन रहन सक्ने इमानदार हुन्छन् ती सर्वश्रेष्ठ राजा हुन्। जसको राज्यमा प्रजाहरू आ-आफ्नो जिम्माको काम ईमानदारी साथ पूरा गर्दै हर प्रकारबाट देश नरेशको हितप्रति सर्मपित रहन्छन्, जहाँ राजाबाट स्नेहसाथ पालन गरिएका प्रजाहरू परस्पर द्वेष कलह नराखी मर्यादापूर्वक संयमसाथ जीवन बिताउँछन् त्यस्तो राज्यसञ्चालन गर्ने राजा सर्वोत्तम राजा हुन्। जसको राज्यमा प्रजाहरू अनुशासित छन्, नीति अनुसार चल्दछन् निर्देशनको परिपालनमा तत्पर रहन्छन्, संघर्षरहित छन्, सामाजिक हितनिम्ति केही दिऔं भन्ने रुचि राख्दछन्, ती यथार्थमा भूमण्डलका स्वामी राजा हुन्।

राजसंस्थाले स्वयं आफ्नो आदर्श आचरणद्वारा आफ्ना प्रजाहरूमा यस्तो मर्यादामय जीवन निर्माण गर्ने संकल्प

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगाउने काम गर्दछ। रामराज्यका प्रतिष्ठापक मर्यादा-पुरुषोत्तम भगवान् श्रीराम स्वयं भन्नुहुन्छ–

> सत्यमेवानृशंसञ्च राजवृत्तं सनातनम् ।
> यद्वृत्ताः सन्ति राजानस्तद्वृत्ताः सन्ति हि प्रजाः ॥

अर्थात् सत्य र करुणा राजसंस्थाको सनातन मर्यादा हो। यसको परिपालन हर कीमतबाट हुनुपर्दछ। किनभने राजाले जस्तो आचरण गर्दछन्, प्रजाहरूको आचरण पनि त्यस्तै हुन्छ। राजसंस्थालाई यसरी मर्यादामय प्रतिष्ठा प्रदान गरिएको छ।

आदर्श राज्यको सञ्चालनमा को सक्षम हुन्छ भन्ने बारेमा भीष्म अगाडि प्रतिपादन गर्दछन्–

> न यस्य कूटं कपटं न माया न च मत्सरः ।
> विषये भूमिपालस्य तस्य धर्मः सनातनः ॥
> यः सत्करोति ज्ञानानि ज्ञेये परहिते रतः ।
> सतां वर्त्मानुगस्त्यागी स राजा राज्यमर्हति ॥
>
> (म. भा. शा. प.५८–३७–३८)

अर्थ– जुन राजाको राज्यमा छिपाएर, लुकाएर गरिने धोकाको व्यवहार हुँदैन, छलकपटको व्यवहार हुँदैन, कसैलाई काखा र कसैलाई पाखा हुँदैन, परस्पर असहिष्णुता रहँदैन तिनैका राज्यमा शाश्वत धर्मको प्रतिष्ठा हुन्छ। जो ज्ञानको सधैं सम्मान गर्दछन्, सबैभन्दा बढी संझिनु पर्ने परहितको कार्यमा सधैं संलग्न रहन्छन्, जो सधैं सज्जनहरूको अनुसरण गर्दछन्, त्यस्ता राजा आदर्श राज्यका लागि योग्य हुन्छन्।

धर्ममूल हिन्दूराज्यव्यवस्थाका यी मूलभूत मान्यताहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
गर्दा नै राजसंस्था दैवी प्रवृत्तिको पोषक, सत्य धर्मको प्रतिष्ठापक वन्न सक्ने जनविश्वासलाई अद्यावधि वल पुगेको छ। जहाँ सद्गुणहरूको विकास हुन्छ, जसवाट दैवी प्रवृत्तिलाई प्रश्रय मिल्दछ त्यस्तो कुनै प्रभावकारी निकायले नै सत्य धर्मको प्रतिष्ठापनमा अपेक्षानुरूप योगदान पुऱ्याउन सक्तछ। त्यस प्रकारको प्रभावकारी निकाय राजसंस्था नै वन्न सक्ने कुरा निर्विवाद थियो। त्यसैले सत्यधर्मका प्रतिष्ठापक भगवान श्रीकृष्णले राजर्षिहरूको पवित्र प्रतिष्ठालाई पुनः उज्जीवित तुल्याउन धर्मसंस्थापनको अभियान चलाउनुभएको थियो। यसरी प्राचीन राज्यव्यवस्थामा लोकसंस्कृतिको प्रवर्धक, प्रजाजनको लागि निरन्तर प्रेरणाको स्रोत वन्ने मङ्गलकारी मर्यादामय संस्थाको रूपमा राजसंस्था उल्लेख भएको छ। राजाले गरेका सम्पूर्ण व्यवहारहरू जनजीवनमा प्रेरणाका स्रोत वन्दछन्। राजाले हिंडेको वाटो नै प्रजावर्गको लागि अविस्मरणीय हुन्छ त्यसैले उनले सधैं विचारपूर्वक मर्यादित रूपमा कदम चाल्नुपर्ने हुन्छ। यसै कुरालाई भीष्मले यसरी प्रतिपादन गरेका छन्।

बाह्वायत्तं क्षत्रियै र्मानवानाम्
लोकश्रेष्ठं धर्ममासेवमानैः।
सर्वेधर्माः सोपधर्मास्त्रयाणां
राज्ञो धर्मादिति वेदाच्छृणोमि ॥
यथा राजन् हस्तिपदे पदानि
संलीयन्ते सर्वसत्वोद्भवानि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं धर्मान् राजधर्मेषु राजन्
सर्वावस्थान् संप्रलीलान् निवोध ॥
अल्पाश्रयानल्पफलान् वदन्ति
धर्मानन्यान् धर्मविदोमनुष्याः ।
महाश्रयं बहुकल्याणरूपं
क्षात्रं धर्मं नेतरं प्राहुरार्याः ॥

सर्वेधर्मा राजधर्मप्रधानाः
सर्वे वर्गाः पाल्यमाना भवन्ति ॥
सर्वस्त्यागो राजधर्मेषु राजं–
स्त्यागं धर्मं प्राहुरग्र्यं पुराणम् ॥ (म. भा. शा. ६३/२४-२७)

अर्थ– वीर क्षत्रियहरूले सम्पूर्ण मानव समाजको गौरवमय अस्तित्व लोकजीवनको प्रेरक आदर्श धर्मको अनुसरणद्वारा आफ्नो वाहुवलको अधीनमा राख्दै आएका छन् । उपधर्महरू सहित समस्त धर्महरूलाई परिचालित गर्ने राजाको धर्मपरायणता नै हो भन्ने मैले वेदवाट बुझेको छु । राजन् ! जसरी अन्य सबै प्राणीहरूका पाइला हात्तीका पाइलाभित्रै लीन हुन पुग्दछन्, त्यसरी नै राजावाट परिपालित धर्ममा नै प्रजावर्गद्वारा गरिने गरेका यावद् धर्महरू लीन हुन पुग्ने कुरा तिमी राम्ररी संझ । अरूद्वारा गरिने धर्मकृत्यहरू त्यति बलियो आश्रयले चलेका हुँदैनन् न त तिनको परिणाम नै त्यति भरपर्दो हुन्छ । दरिलो आश्रय पाएर प्रभावकारी परिणामको सिर्जना गर्न सक्ने धर्म त नित्यप्रति राजाद्वारा संरक्षण दिइएको धर्म मात्र हुन सक्तछ अरू हुन सक्तैन भनी आर्यपुरुषहरूले भनेका छन् । सबै धर्महरूको प्रेरणास्रोत राजाद्वारा परि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
पालित धर्म नै हुन्छ । राजाको आश्रयमा नै सबै वर्णका प्रजाहरू वस्तुतः परिपालित हुन्छन् । धर्मको सारसर्वस्व हो त्याग र त्यो त्यागरूप परम धर्मका यथार्थ परिपालन धर्मपरायण राजाको संरक्षणमा नै संभव हुन्छ । यिनै कतिपय प्रवल कारणहरूले गर्दा लोकमर्यादाको प्रवल संरक्षकको रूपमा भगवान् श्रीकृष्णले राजसंस्थाको आदर्श परम्परालाई धर्मसंस्थापनको क्रममा पुनः प्रतिष्ठापन गर्ने अभियान सञ्चालित गर्नुभएको थियो ।

हिन्दू राजपरम्पराको आदर्श व्यवस्थामा चौधवटा राजदोषवाट मुक्त रहने निर्देश गरिएको छ । महाभारत सभापर्वमा देवर्षि नारदले ती १४ वटा राजदोषको उल्लेख गरेका छन् जो यस प्रकार छन्–

नास्तिक्यमनृतं क्रोधं प्रमादं दीर्घसूत्रताम् ।
अदर्शनं ज्ञानवतामालस्यं पञ्चवृत्तिताम् ।।
एकचिन्तनमर्थानामनर्थज्ञैश्च चिन्तनम् ।
निश्चितानामनारम्भं मन्त्रस्यापरिरक्षणम् ।।
मङ्गलाद्यप्रयोगं च प्रत्युत्थानं च सर्वतः ।
कच्चित्त्वं वर्जयस्येतान् राजदोषांश्चतुर्दश ।।

अर्थ– नास्तिकता, झूटो वोल्नु, क्रोध, हेलचेत्रयाँई, ढिलासुस्ती, ज्ञानवान्हरूको सम्पर्क नगर्नु, आलस्य, भोगी प्रवृत्ति, कुनै कुरालाई एक्लै सोच्नु, कुरा नबुझ्नेहरूसँग विचार गर्नु, निर्णय गरेको कुरा कार्यान्वित नगर्नु, सल्लाहको गोप्यता नराख्नु, माङ्गलिक वस्तुको प्रयोग नगर्नु, कुरैपिच्छे हलुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनु या राजदोष हुन् । राजन् ! तिमी यिनीहरूबाट त मुक्त नै छौ होला !

महाभारत सभापर्व ५/९६–९८

राजाले सधैं दोषमुक्त रहँदै सम्पन्न भई लोकजीवनमा चिरकालसम्म अटल प्रतिष्ठा प्राप्त गर्ने महान् उद्देश्य राखेर सधैं धर्मको परिपालन गर्नुपर्ने र धर्मको परिपालन राजाबाट भएमा सम्पूर्ण जनजीवन धर्मप्रति प्रवृत्त बन्ने तथ्य प्रतिपादन गर्दै महर्षि बृहस्पति देवराज इन्द्रलाई भन्दछन्–

राजमूलो महाप्राज्ञ धर्मो लोकस्य लक्ष्यते ।
प्रजा राजभयादेव न खादन्ति परस्परम् ।।
राजाह्येवाखिलं लोकं समुदीर्णं समुत्सुकम् ।
प्रसादयति धर्मेण प्रसाद्य च विराजते ।।

अर्थात् हे महाप्राज्ञ ! राजाकै आदर्शबाट अनुप्राणित भएर दुनियाँ धर्मको मार्गमा प्रवृत्त भएको देखिन्छ । राजाको डर मानेर नै प्रजाहरू परस्पर अर्कालाई नसताई शान्तिसाथ रहन्छन् । अनास्थाको एवं अविश्वासको बाटो लागेर विचलित हुन खोजिरहेको, अन्यौल र दुविधामा भौतारिने जनजीवनलाई धर्मको परिपालनद्वारा आस्था र विश्वासको प्रकाश दिएर राजाले नै प्रसन्न र सुखी तुल्याउँछन् र आफू स्वयं पनि चिरकालसम्म प्रतिष्ठापूर्ण बनेर विराजमान हुन्छन् ।

श्रीमद्भागवतमा महाराज पृथुको विशेषता बताउँदै महर्षि वेदव्यासले भनेका छन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रञ्जयिष्यति यल्लोकमयमात्मविचेष्टितैः ।
अथामुमाहू राजानं मनोरञ्जनकैः प्रजाः ।।

अर्थात् यिनले आफ्ना मङ्गलमय सुकर्महरूद्वारा सम्पूर्ण लोकलाई रञ्जित गर्नेछन् त्यसैले प्रजाहरू आफ्नो मनलाई रञ्जन गर्ने हुनाले यिनलाई राजा भनी श्रद्धाभक्ति गर्दछन् ।

श्रीमद्भा. ४/१६/१५

राजा जुन सद्गुणहरूद्वारा निरन्तर अग्रगामी बन्दछन् ती गुणको बारेमा कौटिल्यले पनि बताएका छन् । उनी भन्दछन्– महाकुलीनो दैवबुद्धिः सत्त्वसम्पन्नो वृद्धदर्शी धार्मिकः सत्यवागविसंवादिकः, कृतज्ञः, स्थूललक्ष्यो महोत्साहोऽदीर्घसूत्रः शक्यसामन्तो दृढबुद्धिरक्षुद्रपरिषत्को विनयकाम इत्यभिगामिका गुणाः ।

अर्थ– प्रतिष्ठित वंशका, पुरुषार्थप्रति सधैं बुद्धि लगाउने, ओजस्वी, अनुभवीहरूको सत्सङ्गतिबाट लाभ उठाउने, धार्मिक, सत्यवादी, अरूका कुरा सुन्ने, कृतज्ञ, ठूलो लक्ष्य राख्ने, सधैं उत्साही, गर्नुपर्ने काम तुरुन्त गर्ने, राजा रजौटाहरूलाई अनुशासनमा राख्न सक्ने, दृढबुद्धि, ठूला ठूला विद्वत्परिषद्हरूद्वारा सहयोग लिने, विनयी बन्ने रहर भएका इत्यादि यी राजाका समुन्नतिसूचक सद्गुणहरू हुन् ।

कौटिल्य. ६/१/३

यी सद्गुणहरूप्रतिको आस्था र बिश्वासबाट अनुप्राणित रहिआएको हिन्दू राजपरम्परा शाश्वत सनातन धर्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिष्ठाको संरक्षक रहेको तथ्य प्राचीन संस्कृत वाङमयमा यत्रतत्र चर्चित भएको पाइन्छ । यिनै आस्था र विश्वासका स्पन्दनहरू हिन्दूराज्यव्यवस्थासम्वन्धी चिन्तनमा यत्रतत्र अभिव्यक्त भएको पाइन्छ । राज्यव्यस्था धर्ममूलक हुँदा सम्पूर्ण जनजीवनलाई एउटा स्पष्ट गन्तव्यतिर अग्रसर वन्ने अवसर प्राप्त हुन्छ र आस्थाको जीवन जिउने अवसर मिल्दछ । सम्पूर्ण लोकजीवन स्वस्थ र सन्तुलित भएर चलिरहेको हुन्छ । शाश्वत नैतिक मूल्य तथा मान्यताहरूप्रति जनआस्था जगाउन वल मिल्दछ । जनजीवन नैतिक मूल्य मान्यतावाट परिचालित हुन नसक्ता सर्वत्र अन्यौल, दिशाहीनता र उच्छृङ्खलता फैलिन थाल्दछ । जनजीवन नै अस्तव्यस्त हुन पुग्दछ । त्यसैले राजाले यसप्रति सजग रही धर्मको (नैतिक आस्थाको) प्रतिष्ठापनमा स्वयं योगदान दिंदै लोकजीवनको लागि संस्कारदाता वनेर रहनुपर्ने कुरा वताइएको छ ।

हिन्दूसंस्कृतिका अमर गायक महाकवि कालिदास महाराज दिलीपको विशेषताको वर्णन गर्दै भन्दछन्--

प्रजानां विनयाधानाद् रक्षणाद्भरणादपि ।
स पिता पितरस्तासां केवलं जन्महेतवः ।।

अर्थ– प्रजाहरूमा विनयको संस्कार वसालेर, तिनको सुरक्षा र पालनपोषण गरिदिएर वास्तविक वावु त महाराज दिलीप वनेका थिए तिनका वावुहरू चाहिं जन्मदिने मात्र थिए ।

रघुवंश १/२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिज्ञान शाकुन्तलमा कालिदास राजाको वैशिष्ट्य बताउँदै भन्दछन्–

अध्याक्रान्ता वसतिरमुनाप्याश्रमे सर्वभोग्ये
रक्षायोगादयमपि तपः प्रत्यहं सञ्चिनोति ।
अस्यापि द्यां स्पृशति वशिनश्चारणद्वन्द्वगीतः
पुण्यः शब्दो मुनिरिति मुहुः केवलं राजपूर्वः ॥

अर्थ– तपस्वीहरू आश्रममा बस्दछन्, यी राजाले चन् सबै आश्रमको मूल आश्रम गृहस्थाश्रमलाई सुशोभित तुल्याएका छन्। तपस्वीहरू तपस्या गर्दछन्, यी राजा पनि तपस्वीहरूको रक्षा गरिदिएर त्यो तप आफूमा सञ्चित गरिरहन्छन् । आत्मसंयमको महिमाले गर्दा चारणका जोडाहरूद्वारा गाइएको यिनको पनि निर्मल यश स्वर्गसम्म फैलिरहेको छ । हो नाममा चाहिं तिनीहरू ऋषि भनिन्छन् त्यसमा राज शब्द पहिले लगाएर यिनी राजर्षि भनिन्छन् । फरक त यत्ति नै हो । अ. शा. २/१४

आदर्श राजाको सम्पूर्ण चिन्ता प्रजावर्गको हितचिन्तनमा केन्द्रित रहन्छ । मेरा जनता कसरी सुखी हुनन्, कसरी तिनको लागि सम्मानपूर्ण सुखी जीवन, शान्तिपूर्ण जीवन संभव होला राजाको ध्यान यसैमा केन्द्रित रहन्छ । कालिदास राजाको गरिमा वर्णन गर्दै लेख्दछन्–

स्वसुखनिरभिलाषः खिद्यसे लोकहेतोः
प्रतिदिनमथवा ते वृत्तिरेवंविधैव
अनुभवति हि मूर्ध्ना पादपस्तीव्रमुष्णं
शमयति परितापं छायया संश्रितानाम् ॥

अर्थ– राजन् ! तिमी आफ्नो सुखदुःको परवाह नराखी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निरन्तर प्रजाको लागि चिन्तित रहन्छौं। तिम्रो प्रतिदिनको व्यवहार यही नै हो। वृक्ष आफू स्वयं कठोर घामको ताप शिरले सहेर आफ्नो छायाद्वारा आश्रयमा रहन चाहनेहरूको सधैं ताप निवारण गर्ने गर्दछ तिमी त्यस्तै छौ। अ. शा. ५/७

यसरी प्राचीन संस्कृत वाङमयका स्वर्णिम पानाहरू प्रजावत्सल धर्मपरायण राजर्षिहरूका अमर गाथाहरूले भरिएका छन्। सामान्य लोकजीवन ओरालोतिर सजिलै दगुरिरहेको हुन्छ। ओरालोतिर झर्न गाह्रो हुँदैन। नैतिक मूल्य मान्यताको वाटो कठिन जस्तो लाग्दछ। नैतिक मूल्य मान्यताको वाटो सत्य धर्मको वाटो हो।

सत्य धर्मको संरक्षणमा राजसंस्थाको कस्तो भूमिका रहन्छ ? भीष्मकै शब्दमा फेरि सुनौं–

मज्जेत् त्रयी दण्डनीतौ हतायां
सर्वे धर्माः प्रक्षयेयु र्विबुद्धाः।
सर्वे धर्मा श्चाश्रमाणां हताः स्युः
क्षात्रे त्यक्ते राजधर्मे पुराणे॥

सर्वे त्यागा राजधर्मेषु दृष्टाः
सर्वा दीक्षा राजधर्मेषु चोक्ताः।
सर्वा विद्या राजधर्मेषु युक्ता
सर्वे लोका राजधर्मे प्रविष्टाः॥

अर्थ– यदि राजाले व्यवस्थित रूपले दण्डनीति नचलाउने हो भने वेदले वताएको सबै शुभ मर्यादा नष्ट हुनेछ। साथै लोकजीवनका सबै धर्महरू पनि क्षीण हुनेछन्। पुरातन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालदेखि प्रचलित राजधर्मलाई त्याग्ने हो भने सबै आश्रमका आ–आफ्ना विशेषता समेत नष्ट भएर जानेछन् ।

राजाद्वारा धर्मको परिपालन भएको ठाउँमा नै सबै त्यागहरू, उत्सर्गहरू देख्न पाइन्छन् । सबै प्रकारका साधना सम्वन्धी दीक्षाहरू त्यहीं प्रतिपादित भएका हुन्छन्, जहाँ राजाद्वारा धर्मपूर्वक राज्यसञ्चालन भएको हुन्छ । समस्त विद्याहरूको यथार्थ विकास पनि त्यहीं हुन्छ, जहाँ राजाद्वारा प्रवलतासाथ धर्मको संरक्षण गरिएको हुन्छ । समस्त लोकधर्महरू राजधर्ममा नै प्रविष्ट हुन्छन् ।

पुण्यश्लोक युधिष्ठिरले स्वयं भनेका छन्–

यथा हि रश्मयोऽश्वस्य द्विरदस्याङ्कुशो यथा ।
नरेन्द्रधर्मो लोकस्य तथा प्रग्रहणं स्मृतम् ॥

(म. भा. शा. प. ५६/५७)

अर्थ– जसरी घोडाहरूको नियन्त्रणको निमित्त लगामहरू प्रभावकारी आधार हुन्छन् अथवा जसरी हात्तीलाई नियन्त्रण गर्न अङ्कुश वलियो आधार हुन्छ त्यसैगरी लोकजीवनलाई अनुशासित राख्न राजधर्म नै सबैभन्दा भरपर्दो आधार हुन्छ ।

यिनै चिन्तनहरूको शाश्वत प्रभावले गर्दा हिन्दू जनमानसमा 'राष्ट्र' भन्नासाथ त्यसको सर्वोपरि निर्मापक आधारको रूपमा राजमुकुटलाई संझिने सहज संस्कार वन्न गएको छ । यो संस्कार त्यसै पुष्ट भएको छैन । यसको परिपुष्टिमा वैदिक युगका मन्त्रद्रष्टाहरूको अथक साधना र तपस्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाहित भएको छ । वेदका पावन मन्त्रहरूले राजमुकुट प्रतिको यस आस्थालाई राष्ट्रको मूलतत्त्वको रूपमा प्रतिपादित तुल्याएका छन् । वेदमा राजालाई जनरक्षकको रूपमा उल्लेख गरिएको छ । 'जन' भन्नाले राष्ट्रिय जनजीवनको समष्टि बोध हुन्थ्यो र त्यस समष्टि राष्ट्रजीवनका रक्षकको रूपमा राजाको प्रतिष्ठा थियो । ऋग्वेद तेस्रो मण्डलको ६३ औं सूक्तको पाँचौं मन्त्रमा राजालाई 'गोप्ता जनस्य' भनिएको छ । राजदण्डलाई सत्यधर्मका प्रवल संरक्षकको रूपमा लिइएको छ । त्यही सत्यधर्मको आलोकमा राजाले प्रजापालनको पवित्र कतव्य निष्ठासाथ सम्पन्न गर्दछन् र प्रजाहरू राजाको सदिच्छा साकार पार्न मनसा, कर्मणा समर्पित हुन्छन् । वैदिक विधि अनुसार राजाको अभिषेक गर्दा समुद्रको जल, प्रवाहशील नदीको जल तथा अचल पाखरीका जलले अभिषेक गर्ने सांकेतिक अर्थ भएको विशेष व्यवस्था छ । समुद्रका जलले राजालाई अभिषेक गर्नुको अथ प्रजावर्गप्रति राजाको वात्सल्यको द्योतक मानिएका छ । त्यस्तै प्रवाहशील नदीको जलले अभिषेक गर्नुलाई राष्ट्रको निरन्तर विकास र प्रगतिप्रति राजाको तत्परताको द्योतक मानिएक छ र अचल जलाशयको जलले अभिषेक गर्नुलाई राज्यको स्थिरता, राष्ट्रिय व्यवस्थाको स्थायित्व जस्ता आधारभूत विषयहरूमा अपेक्षित स्थिरताका साथै राजा र प्रजावीचको परस्पर सुमधुर वात्सल्यको प्रतीकको रूपमा लिइएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी शुभराज्याभिषेकको मङ्गलमय प्रसङ्गसँगै राजमुकुटप्रति जनश्रद्धा एवं जनविश्वासका प्रेरक अनेकौं भावनात्मक आधारहरू विकसित हुँदै जाने स्थिति रहन्छ। समष्टि राष्ट्रजीवनको प्रतिनिधित्व गर्ने चारै वर्णका प्रजाहरूले संयुक्त रूपमा आफ्नो हार्दिक स्नेहधाराको प्रतीक पवित्र तीर्थ जलले राजाको शुभ अभिषेक गर्ने वैदिक विधिले राष्ट्रको अखण्डता एवं सार्वभौमिकताको प्रवल पुष्टि गरिरहेको हुन्छ। वेदमा राजालाई "क्षत्राणां राजेन्द्रः, विशां विश्पतिः, धनिपतिः धनानाम्, एकं वृषं जनानाम्, वृषो विश्वस्य भूतस्य, उत्तमं मानवानाम्, देवानामर्धभाक्" आदि भनी संरक्षकहरूमा सर्वश्रेष्ठ, सम्पूर्ण प्रजाहरूका पालनकर्ता, राष्ट्रिय कोषका सर्वोच्च स्वामी, जनताका एकमात्र धर्माध्यक्ष, समस्त प्राणी समुदायका न्यायदाता, मानवहरूमा सर्वोत्तम र देवताहरूका अर्धाधिकारीका रूपमा प्रतिष्ठा प्रदान गरिएको छ (अथर्व. ४/२२)। राजा केवल शासनका प्रमुख हुँदैनन्। उनी सत्यधर्मका प्रवल संरक्षक हुन्छन्। धर्मको स्वयं परिपालन गर्नु र प्रजाहरूलाई धर्मप्रति आस्थावान् तुल्याउनु उनको मूलभूत कर्तव्य हुन्छ। अथर्ववेद भन्दछ– "ब्रह्मचर्येण तपसा राजा राष्ट्रं विरक्षति।" (अथर्व. ११/५/१७) स्वयं संयमी बनेर दुःखसुखमा समान रहेर तपस्वी बन्दै राष्ट्रको रक्षाप्रति समर्पित रहनु राजाको मूल कर्तव्य मानिएको छ। यसरी संयम, अनुशासन र मर्यादाको परिपालनद्वारा राजा प्रजाजनमा श्रद्धेय बन्दछन् र उनी ध्रुव, स्थिर, अच्युत बन्न पुग्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथर्ववेदमा राजाप्रति शुभाशीष प्रदान गर्दै सत्यदर्शी ऋषि भन्दछन्– "राजन् ! तिमी ध्रुव बन, अटल रहू, सबैका श्रद्धापात्र रही प्रजावर्गको पालन गर। तिमीप्रति अहित चिताउने शत्रुहरूलाई दबाउँदै रहू। तिम्रा निम्ति सबै दिशाबाट मङ्गलकामनाहरू सहयोगी भावनाहरू आइरहून्। प्रजाहरूको समूहले तिम्रो राज्यलाई स्थिरत्व प्रदान गर्नमा बल पुऱ्याऊन्।

ध्रुवोऽच्युतः प्रभृणीहि शत्रून् शत्रूयतोऽधरान् पादयस्व ।
सर्वाः दिशः संमनसः सध्रीची ध्रुवाय ते समिति : कल्पतामिह ॥

(अथर्व. ६/८८/३)

ऋग्वेद दशम मण्डलको १७३८ औं सूक्तको पहिलो मंत्रमा ऋषिले यस्तै आशयको शुभेच्छा राजाप्रति व्यक्त गरेका छन्। ऋषि भन्दछन्– "राजन् ! तिमीलाई राष्ट्रको स्वामित्त्व मिलेको छ। आऊ स्थिर भएर, सुस्थिर विचारले अचल भएर राज्य संचालन गर। सम्पूर्ण प्रजाहरू तिमीप्रति निष्ठावान् र अनुरक्त रहून्। तिम्रो नेतृत्वमा राष्ट्र सधैं समुन्नतितिर अघि बढ्दै रहोस्। अवनतिको मुख यसले देख्नु नपरोस्।

आगत्वा हार्षमन्तरेगि ध्रुवस्तिष्ठाविचाचलिः ।
विशस्त्वा सर्वा वाच्छन्तु मात्वद्राष्ट्रमधिभ्रशत् ॥

यसरी सत्यधर्मको आलोकमा संस्थापित भई न्याय र अनुशासनको प्रतिष्ठापक संस्थाको रूपमा जनजीवनमा श्रद्धेय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहिआएको वेदमूलक राजमुकुटको नेतृत्वमा नै धर्मसंस्थापनको आफ्नो अवतारकृत्य पूर्ण हुने देखी भगवान् श्रीकृष्णले राजर्षिहरूको पवित्र परम्परालाई पुनः प्रतिष्ठापित गर्न सशक्त अभियान चलाउनुभयो। महाभारत, श्रीमद्भागवत र अन्य पुराणमा वर्णित भगवान् श्रीकृष्णका दिव्य लीलाहरूको अध्ययनबाट यो कुरा स्पष्ट हुन्छ। राजर्षिहरूको पवित्र आदर्शको संरक्षण एवं आसुरी वृत्तिका उपासकहरूलाई उचित सजाय यही भगवान्ले आफ्नो अवतारकृत्यमा सम्पन्न गर्नुभयो जसलाई "परित्राणाय साधूनाम्" तथा "विनाशाय च दुष्कृताम्" को घोषणाद्वारा व्यक्त गर्नुभएको छ। जसले राजर्षिहरूको पवित्र परम्पराको अनुसरण गरे, भगवान्को धर्मसंस्थापनसम्बन्धी अभियानमा मद्दत गरे तिनलाई "परित्राणाय साधूनाम्" को आदर्श अनुरूप संरक्षण प्रदान गर्नुभयो। जरासन्धको आतंकका शिकार बनेका धर्मप्राणहरूलाई उनीहरूको प्रार्थना अनुसार संरक्षण गर्नुभयो। नरेशहरू मिथिलाका राजर्षि बहुलाश्व कहाँ भगवान् कृपापूर्वक आफैं पाल्नुभयो। मिथिलाधीश बहुलाश्व कहाँ भगवान् श्रीकृष्ण पाल्नुहुँदाको मर्मस्पर्शी वर्णन श्रीमद्भागवत दशमस्कन्धको छयासियौं अध्यायमा आउँछ। परमहंस शिरोमणि श्री शुकदेव स्वामीले यस प्रसङ्गको मार्मिक शब्दावलीमा चर्चा गर्नुभएको छ। मिथिलाका तपस्वी, विषयहरूमा निःस्पृह महात्मा श्रुतदेव ब्राह्मण र धर्मप्राण राजर्षि बहुलाश्वले एकैचोटी भगवान् श्रीकृष्णको पदार्पणको निम्ति प्रार्थना गरेका थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् श्रीकृष्ण दुवै भक्तहरूको प्रार्थना अनुसार केही दिनको लागि मिथिला जानुभयो । दुवै प्रेमीहरूकहाँ एकैचोटी गइदिएर उनको प्रार्थना स्वीकार गरिदिनुभई धर्मसंस्थापनको आफ्नो अभियानमा सहयोग गर्न प्रेरित गर्नुभयो । संभव छ मिथिलायात्राको यसै क्रममा वंशावलीले वताए अनुसार आफ्नो नेपालयात्रा भगवान् श्रीकृष्णले सम्पन्न गर्नुभयो होला । मिथिला यात्रा प्रसङ्गको उपसंहार गर्दै परमहंस शिरोमणि श्री शुकदेव स्वामी राजा परीक्षितलाई भन्नुहुन्छ– "राजन् ! यसरी भक्तहरूको भक्ति गर्ने भक्तवत्सल भगवान्ले आफ्ना दुबै भक्तहरू राजर्षि वहुलाश्व तथा तपोधन श्रुतदेवको स्वागत सत्कार स्वीकार गरी उनीहरूलाई धर्मसंस्थापनको शुभसङ्कल्प अनुरूप सन्मार्गको उपदेश गरेर पुनः द्वारकातर्फ प्रस्थान गर्नुभयो ।

एवं स्वभक्तयो राजन् ! भगवान् भक्तभक्तिमान् ।
उषित्वाऽदिश्य सन्मार्गं पुनर्द्वारवतीमगात् ॥

(श्रीमद्भा. १०/८६/५९)

भगवान् श्रीकृष्णले धर्मप्रति आस्थावान् रहेका त्यसवेलाका राजर्षिहरू एवं सन्तसज्जनहरूप्रति कति सद्भाव राख्नुभको थियो भन्ने कुरा उहाँको निम्ति श्री शुकदेव स्वामीले प्रयोग गर्नुभएको "भगवान् भक्तभक्तिमान्" भन्ने विशेषणले वताउँछ । सत्यधर्मको परिपालनप्रति निष्ठा राख्ने भक्तजनहरूप्रति वात्सल्य मात्र भगवान्ले राख्नुभएन भक्ति नै प्रकट गर्नुभयो । जो जो धर्ममूलक राज्यव्यस्थाका हिमायती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
थिए, मानवमर्यादा एवं अनुशासनमा विश्वास राख्दथे तिनलाई भगवान्ले खोजी खोजीकन प्रोत्साहित तुल्याउनुभयो। सम्मान प्रदान गर्नुभयो। संयोजित गर्नुभयो र धर्मसंस्थापनको लक्ष्यप्रति अभिमुख तुल्याउनुभयो। आसुरी वृत्तिका अनुयायी कौरवहरूसँगको युद्धमा पाण्डवपक्षबाट सम्मिलित हुने पुण्यात्मा राजाहरू सत्यधर्मका संरक्षक भगवान् श्रीकृष्णकै विश्वासमा सम्मिलित भएका थिए। तेह्र वर्षको निर्वासन पछि पनि पाण्डवहरू सात अक्षौहिणी सेना आफूतिर संकलित गर्न सफल भएका थिए। पुण्यश्लोक धर्मराज युधिष्ठिरको शान्तिप्रिय धर्मप्राण राजनीतिप्रति भगवान् श्रीकृष्णको ठूलो सहानुभूति र संरक्षण प्राप्त भएको जनविश्वासले नै यो संभव भएको थियो र अन्तमा कौरवहरूले आफ्नो सम्पूर्ण शक्ति प्रयोग गरेर जुटाएको सैनिक संगठन जति नै ठूलो भए पनि पाण्डव पक्षकै विजय हुन्छ र "सत्यमेव जयते नानृतम्" को शाश्वत मान्यता प्रबल रूपमा पुष्ट हुन्छ। कुनै गिरिकन्दरा, नदीतट, संगम अथवा तपोवनमा प्रतिपादित नभई युद्धको मैदानमा प्रदान गरिएको, कर्तव्य र अनुशासनको पालनमा बल दिने, न्याय, धर्म र नैतिकताको प्रेरक गीताको उपदेश भगवान् श्रीकृष्णको सत्यधर्म प्रतिष्ठापनको सर्वोपरि मापक आधार बनेको छ। भगवान् श्रीकृष्णले न्याय, धर्म र मानवताको पक्षलाई संरक्षण प्रदान गर्नुभयो र अन्याय, अत्याचार, शोषण र आतङ्कको पक्षधर बनेको आसुरी पक्षलाई संहार गरेर धर्मराज युधिष्ठिरलाई सम्राट्को सिंहासनमा अभिषिक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
गर्नुभयो ।

नेपालराष्ट्र र नेपाली जातिलाई आफ्नो अस्तित्वको उषाकालदेखि नै धर्मप्राण राजमुकुटको नेतृत्वमा संगठित वन्ने सौभाग्य प्राप्त भएको छ । हिन्दू अधिराज्य नेपालका हामी नेपालीहरू राजमुकुटलाई राष्ट्रिय एकता, अखण्डता सार्वभौमिकताको प्रतीक मान्दछौं । भगवान् श्रीकृष्णका पावन लीला एवं सन्देशहरूको परिशीलनवाट हाम्रो राष्ट्रिय जीवनदर्शनलाई प्रवल पुष्टि मिल्ने हाम्रो दृढ विश्वास छ । यसै विश्वासलाई मनमा लिएर हामी सत्यधर्मका संरक्षक प्रभु श्रीकृष्णले प्रतिष्ठापित गर्नुभएको राजर्षिहरूको पवित्र परम्पराप्रति अगाध आस्था व्यक्त गर्दछौं र राष्ट्रको सधैं मङ्गलकामना गर्दछौं ।

आकाश अटल छ, पृथिवी अटल छिन्, यी गिरिशृङ्खलाहरू सधैं अटल छन्, यो सम्पूर्ण विश्व अटल छ, त्यसै गरी हाम्रा यी राजा अटल रहून् ।

ध्रुवा द्यौ ध्रुवा पृथिवी ध्रुवासः पर्वता इमे ।
ध्रुवं विश्वमिदं जगद् ध्रुवो राजा विशामयम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम तत्त्वरूप श्रीकृष्ण

भगवान् श्रीकृष्ण सम्पूर्ण योगहरूका स्वामी हुनुहुन्छ। त्यसैले उहाँलाई योगेश्वर भनिन्छ। योगीहरूका स्वामी 'योगीश्वर' मात्र होइन जुन योगको अवलम्बनद्वारा साधकहरू योगी वन्दछन् ती सबै योगहरू, कर्मकौशलरूप योग, समत्व-रूप योग, चित्तवृत्तिनिरोधरूप योग, यी सबै योगहरूका स्वामी भगवान् श्रीकृष्ण हुनुहुन्छ। मूलरूपमा सम्पूर्ण जीवजगत्को भगवान्सँगको सम्वन्ध विभिन्न प्रकारको हुन्छ। भगवान्ले भगवद्गीतामा यसको संकेत स्वयं श्रीमुखवाट दिनुभएको छ।

पिताऽहमस्य जगतो माता धाता पितामहः।
गतिर्भर्ता प्रभुः साक्षी निवासः शरणं सुहृद्
प्रभवः प्रलयः स्थानं निधानं बीजमव्ययम्॥

(भगवद्गीता ९/१८)

भगवान् भन्नुहुन्छ,– जड–चेतन, स्थावर–जंगम सम्पूर्ण प्राणीजगत्को उत्पत्तिकर्ता, वीजप्रदाता, पिता मै हूँ। जन्म दिएर मात्र मेरो मन मान्दैन। वारम्वार अवतार लिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
म जीवजगत्को रक्षा गर्दछु, त्यसैले म पिता हूँ । जीवात्माहरू आ–आफ्नो कर्मानुसार जहाँ जहाँ जन्म लिन पुग्दछन् ती सबैलाई त्यो त्यो योनिमा जन्म दिन जननी बनेर मै पुग्दछु, त्यसैले म माता हूँ । संसारको निम्ति आवश्यक पर्ने धर्मरूप विधान भयो, प्रकृतिको सञ्चालनको निम्ति आवश्यक पर्ने नियमहरूको निर्माण भयो यी सबैको व्यवस्था मिलाएर सबैको धारण एवं पोषण गर्ने म नै हूं, त्यसैले म धाता हूँ । भौतिक पदार्थका रचयिता सम्पूर्ण प्राणीजगत्का पिता ब्रह्माजीको पनि पिता भएकोले म सबैको पितामह हूँ । जीवमात्रले जुन उत्तम गति प्राप्त गर्न चाहन्छन् त्यो म नै हूँ । सबैको भरणपोषण गर्ने हुनाले भर्ता म नै हूँ । सबैको मालिक हुनाले 'प्रभु' म नै हूँ । सबै समयमा सबैको अन्तरको सबै कुरा जान्ने हुनाले म 'साक्षी' हूँ । सम्पूर्ण जीवहरू मेरै अश हुनाले उनीहरू स्वरूपत: मैमा रहन्छन्, त्यसैले सबैको 'निवास' म नै हूँ । जसको आश्रय लिइन्छ त्यो अविनाशी आश्रयदाता 'शरण' म नै हूँ । कुनै हेतु नराखीकन प्राणीमात्रको अकारण हित गर्ने हुनाले म सबैको सुहृद हूँ । मबाटै जगत् उत्पन्न हुन्छ र मैमा अवस्थित रहन्छ अनि अन्तमा मैमा लीन पनि हुन्छ । स्थूल सृष्टिको प्रलयपछि पनि प्रकृति मैमा आश्रित रहन्छिन् । त्यसैले प्रभव, प्रलय, स्थान म नै हूँ । सृष्टिचक्रभित्र जे जति देखिन्छ, सुनिन्छ त्यो सबैको धारक आधार भएकोले म नै सबैको निधान हूँ । म अव्यय बीज हूँ । संसारमा पाइने लौकिक बीज अंकुर पैदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
भएपछि नष्ट हुन्छ । तर म चाहिं अनन्त कोटि ब्रह्माण्डहरूको उत्पत्ति गराएर पनि आफ्नो उसै रूपमा सधैं एकरस र अखण्ड रूपले रहिरहने हुनाले म बीज भैकन पनि अव्यय छु, अक्षय छु ।

यसरी साधनाशास्त्रहरूले इङ्गित गरे अनुसार सर्वेश्वर भगवान् श्रीकृष्णसँग जीवजगतको सम्वन्ध अनेकौं रूपमा छ । संसारमा परिकल्पना गर्न सकिने सबै नाताहरू भगवान्सँग हुन्छन् । साधकहरूले स्वयं पनि कहीं– "त्वमेव माता च पिता त्वमेव । त्वमेव वन्धुश्च सखा त्वमेव" भनेर कहीं "तो-हे मोहे नाते अनेक मानिए जो भावै" भनेर भगवान्सितको वहुआयामिक नाता रहेको तथ्य अनुभव गरेका छन् । यी सम्पूर्ण सम्वन्धहरू समष्टिरूपमा परमात्मासितको जीवात्माको शाश्वत योगका परिचायक हुन् । ती सबै सम्वन्धहरूलाई तत्तद् रूपमा प्रकट भइदिएर निर्वाह गरिदिने सबैका परम कृपालु योगेश्वर भगवान् श्रीकृष्ण हुनुहुन्छ ।

भगवान् श्रीकृष्णको लीलाक्रममा पर्ने दुइटा प्रसङ्ग विशेष उल्लेखनीय छन् । एउटा प्रसङ्ग चीरहरणको र अर्को रासलीलाको । सामान्य मानवीय भूमिकाबाट मात्र सोच्दा यी लीलाहरूको अर्थ लाग्दैन । धर्मसंस्थापनको निमित्त अवतार लिनुहुने जीवमात्रका परमाराध्य भगवान्ले यस्तो अर्थ नलाग्ने लीला किन गर्नुभएको होला ? कति कति चिन्तकहरू अलमलिन पुगिरहेका हुन्छन् । तर यी लीलाहरू जुन पौराणिक स्रोतहरूबाट ज्ञात हुन्छन् तिनको भावभूमि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई नचिनी केवल मानवीय पृष्ठभूमिमा अर्थ्याउन खोज्दा कुरा अलमलिन्छ । मूल कुरा पहिले गोपीहरूको विभिन्न भूमिकालाई बुझन र तिनका परमोपास्य भगवान् वासुदेवको तात्विक परिचय प्राप्त गर्नु अत्यन्त आवश्यक हुन्छ ।

गोपीहरूतर्फ ध्यान दिऔं । आध्यात्मिक भूमिकावाट हेर्दा चित्तवृत्तिका प्रतिनिधिको रूपमा उनीहरू देखिन्छन् । सामान्य रूपमा वनमा गाई पालेर 'गोपी' वन्ने गोठाल्नी वनेका महिला मात्र यी थिएनन् । गो शव्दको एउटा प्रमुख अर्थ हुन्छ इन्द्रिय । सम्पूर्ण इन्द्रियहरूलाई आ–आफ्नो विषयप्रति प्रवृत्ति जगाइदिएर पालन गर्ने हुनाले चित्तवृत्तिहरू-लाई गोपिका भनिन्छ । "गाः पान्तीति गोपिकाः ।"

चित्तभित्र वृत्तिहरू नचलिकन इन्द्रियहरू चल्दैनन् । इन्द्रियहरू नचली विषयको ग्रहण हुँदैन । विषयको ग्रहण विना इन्द्रियहरूको पालन हुँदैन । त्यसैले विषयोन्मुख स्पन्दन दिएर इन्द्रियहरूको पालन गर्ने हुनाले चित्तवृत्तिहरू नै आध्या-त्मिक भाव र भाषामा गोपिकाहरू हुन् । चित्तवृत्तिरूपा यिनै गोपिकाहरू यहाँ सामान्य सांसारिक विषयसुखभन्दा माथि उठेर, परमसुखको वृत्ति वनेर, परमानन्दप्रति अभिमुख भई भगवान्प्रति अग्रसर वन्दछन् । भगवान् सम्पूर्ण सुखहरूको मूल हुनुहुन्छ । त्यसैले उहाँ 'आनन्दकन्द' कहलाउनुहुन्छ । रसरूप हुनुहुन्छ । संसारका सबै रस परिणामी छन्, विकार-पूर्ण छन् । अहिले मीठो र सुवासयुक्त वनेको रस भोलि गन्धले भरिएको विस्वादिलो हुन पुगिरहेको हुन्छ । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
सांसारिक रसको परिचय हो । तर परमरसघन भगवान् त्यस्तो परिणामी रस होइन । विभिन्न नदीहरू गएर आफ्नो अस्तित्व मेटाएर महासागरमा विलीन भएझैं अथवा अन्य अनेकौं रसहरू लीन भएर मह्रूप स्वादिष्ट रसको निर्माण भएझैं सम्पूर्ण रसहरूको लयस्थान बनेको अपरिणामी, एकरस, अखण्ड, परम सुखमय, पूर्णतम रस भगवान् हुनुहुन्छ । "रसो वै सः" भनेर उपनिषद्ले युगयुगदेखि भगवान्को यसै रूपको प्रतिपादन गरेको छ । परमरसरूप भगवान्लाई प्राप्त गरेर नै जीवात्मा आनन्दित हुन्छ । जागतिक रूपमा जीवनमा अनुभव हुने, क्षणिक रूपमा प्रतीत हुने आनन्द अनन्त आनन्दसिन्धु भगवान्बाट विकिरण भएको आनन्दको अणुमात्र हो । महासुखसिन्धुको एउटा लघुतम विन्दुमात्र हो । सुखको, आनन्दको अनन्तसिन्धु भगवान् हुनुहुन्छ । उहाँकै स्पर्शबाट सम्पूर्ण विश्व-जीवन सुखी हुन्छ, आनन्दी हुन्छ । तर सुखको आवरणको रूपमा विषयले घेरेको हुनाले सांसारिक सुख आवृत्त (छेकिएको) सुख मात्र हो, छायासुख मात्र हो । तलाउमा प्रकाशित हुने सूर्य र चन्द्रका विम्वहरू विम्व नभएर प्रतिविम्व मात्र भएजस्तै विषयद्वारा उपहित (उपाधियुक्त) भएको सांसारिक सुख परमसुखको, भगवद्रूप परमानन्दको प्रतिविम्व मात्र हो, छाया मात्र हो । त्यसको प्राप्तिबाट जीव चिरसुखी हुन सक्तैन । सम्पूर्ण जीवजत्लाई चिरसुखी तुल्याउने परम सुख रसरूप भगवान् मात्र हुनुहुन्छ । त्यसैले उपनिषद् भन्दछ— "रसो वै सः रसं ह्येवायं लब्ध्वाऽऽनन्दी भवति ।" परम रस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूप भगवान्‌लाई प्राप्त गरेर मात्र जीवात्मा आनन्दी हुन्छ । सदा सदाको लागि परमसुखी हुन्छ ।

संसारमा जीवमात्रको अन्तर्मनमा फुर्ने व्यापक वृत्ति हो सुखको वृत्ति । आनन्दको वृत्ति, प्रत्येक प्राणीले प्रतिक्षण प्राप्त गर्न चाहेको कुरो आनन्द हो, सुख हो । सुख र आनन्दको खोजीमा नै सम्पूर्ण जीवजगत् युगयुगदेखि क्रियाशील रहँदै आएको हो । आनन्दप्रतिको यो व्यापक वृत्तिका नै अनेकौं रूप यहाँ गोपिकाहरू हुन् । वृत्तिहरू कुनै ज्ञानमूलक हुन्छन्, कुनै रागमूलक । कोही जानेर आनन्दमुखी हुन्छन्, कोही अज्ञानवाटै परिचालित हुन्छन् । तर सुख चाहिं उनीहरूलाई चाहिएको हुन्छ । कोही रागात्मिका वृत्तिहरू केवल आसक्तिद्वारा आनन्दमुखी वनिरहेका हुन्छन् । यसरी वृत्तिहरूका विभिन्न तह भए जस्तै यहाँ गोपिकाहरू पनि कोही ज्ञानपूर्ण श्रुतिरूपा छन्, कोही ऋषिरूपा छन्, कोही देवकन्यारूपा छन् । "न खलु गोपिकानन्दनो भवानखिलदेहिनामन्तरात्मदृक् (श्रीमद्भा. १०।३१।४)" भनेर भगवान् श्रीकृष्णलाई स्वरूपतः चिनेर उहाँको उपासनामा समर्पित कोही श्रुतिरूपा छन् भने "तव कथामृतं तप्तजीवनं कविभिरीडितं कल्मषापहम । श्रवणमङ्गलं श्रीमदाततं भुवि गृणन्ति ते भूरिदा जनाः" (श्रीमद्भा. १०/३१/९) भनेर भगवदुपासनाको मर्म बुझेर प्रभुमा समर्पित प्रबुद्ध ऋषिरूपा कोही छन् । कोही केवल प्रभुको अति आकर्षक लोकोत्तर सौन्दर्यप्रति मुग्ध वनेका रागवृत्तिरूपा गोपिका पनि छन् । यी सवै सम्पूर्ण रूपमा भगवान्प्रति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पित छन् । तिनका सामु आइपर्ने विघ्नहरूलाई, बन्धनहरूलाई हरण गरिदिएर उनको युगौंयुगदेखिको समर्पणको आकांक्षालाई पूरा गरिदिनु भगवान् आफ्नो कर्तव्य ठान्नुहुन्छ । चीरहरणको प्रसङ्गको पछाडि भगवान्को आफ्ना भक्तहरूको भवबन्धन हरिदिने यही अहैतुक कृपा लक्षित छ ।

यी लीलाहरू स्त्री र पुरुषको बीचको लौकिक आकर्षणसँग जोडेर हेर्नु भागवतको मूलभावभूमिकै विपरीत हुन्छ । "कृष्णस्तु भगवान् स्वयम्" भन्ने भागवतद्वारा व्यक्त भएको भावभूमिमा नै यसलाई हेर्नु आवश्यक छ । साधनाशास्त्रहरूको त उद्घोष छ– अनन्तकोटि ब्रह्माण्डहरूको यस विशाल रचनाभित्र भगवान् वासुदेव नै एकमात्र परमपुरुष हुनुहुन्छ । अरू सम्पूर्ण चराचर सृष्टि स्त्रीप्राय छ । जीवमात्र स्त्री भावापन्न छन् ।

भगवान् वासुदेवास्य एक एव परः पुमान्
स्त्रीप्रायमितरत् सर्वं जगदेतच्चराचरम् ।।

लौकिक भूमिकामा मर्यादापालक, धर्मसंरक्षक भगवान्ले यहाँ नग्नस्नान गर्ने अमर्यादित प्रचलन हटाउन चीरहरण गरिदिनुहुन्छ र कुमारीहरूलाई प्रायश्चित गराएर त्यस अमर्यादित व्यवहारबाट मुक्त रहन प्रेरित गर्नुभएको छ । आध्यात्मिक भावभूमिबाट विचार गर्दा अन्य सम्पूर्ण दृष्टिबाट भगवान्मा सर्वात्मना समर्पित भइसकेका यी दिव्य आत्माहरूमा लोकलज्जा नामक एउटा प्रबल बन्धन थियो जसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दा उनीहरूको समर्पणयोग सफल वन्न सकिरहेको थिएन। वस्त्रहरण प्रतीकात्मक छ। यो एउटा मुर हो, जागतिक पाश हो जसद्वारा वद्ध भएर जीवात्मा भगवान्प्रति समर्पित वन्न संकोच गरिरहेको हुन्छ। संसारमा देखिन्छ कति कति मानिसहरू अन्तरमा भक्ति, प्रीति हुँदाहुँदै पनि अरूले के भन्लान् भनेर ईश्वरोपासनावाट टाढा हुन पुग्दछन्। कतिलाई भगवान्को ध्यान, चिन्तन, संकीर्तन, संस्मरण केवल अबुझ र असभ्यहरूले गर्ने कुरो हो भन्दै आफू सुसंस्कृत र सभ्य वनेर यी साधनावाट पर वस्ने धून चलिरहेको हुन्छ। यी सवै लोकलज्जा नामक मुरवाट भएका वन्धनमय भावहरू हुन्। भगवान् यस्तो लोकलज्जारूप पाशलाई, आवरणलाई हरण गरिदिएर जीवात्मालाई आफूप्रति सर्वात्मना समर्पित वन्ने निःसङ्कोच मनःस्थिति वनाइदिनुहुन्छ र परम कल्याण गरिदिनुहुन्छ। वेणुवादनद्वारा आफूतिर अभिमुख तुल्याएर भगवान् साधकलाई मार्ग देखाइदिनुहुन्छ। साधानामा आइपर्ने विघ्नहरूलाई मुरलीको दिव्य ध्वनिद्वारा निवारण गरिदिनुहुन्छ र सम्पूर्ण आवरणवाट, मुर नामक पाशवाट मुक्त भएका भक्तलाई वंशीको दिव्यनादद्वारा ब्रह्मविद्याले परिपूर्ण वनाएर आफैंमा आत्मसात् गरिदिनुहुन्छ। त्यसैले साधनाका मर्मज्ञहरूले युगयुगदेखि पुकार्ने गरेका छन्–

बजाऊ प्रेमको वंशी सुनाऊ मंत्र त्यो कुन हो
तिमीमै आउने मोहन ! बताऊ साधना कुन हो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसोरी आउँला भगवन् ! म आफ्नै यत्नको बलमा
यो जन्मै जिन्दगी मेरो छ तिम्रै स्नेहको भरमा ।। बजाऊ

न ता भो योग जीवनमा न ता भो भक्ति यो मनमा
चरणकै आश हे गिरिधर ! छ मेरो भित्र अन्तरमा ।। बजाऊ

म नाचें मस्त भै युगयुग नचायौ नाच जे जस्तो
फलाशा छैन क्यै नटवर ! बनाई राख जे जस्तो ।। बजाऊ

अरू चाहे जती पाऊँ सधैं रित्तो छ यो जीवन
प्रभो ! तिम्रो कृपा पाए हुनेछन् पूर्ण यी कणकण ।। बजाऊ

साधनाशास्त्रहरूले गोपीहरूको, वृन्दावनको, यमुनाको, कदम्बवृक्षको र वंशीको अप्राकृत चिन्मय स्वरूपको परिचय दिएका छन् । पद्मपुराणको भाषामा गोपीहरू साक्षात् श्रुतिहरू हुन् जो करोडौंको संख्यामा मूर्तिमान बनेर भगवल्लीलापरिकरमा प्रविष्ट हुन आएका थिए ।

चुम्बन्तीभिर्हसन्तीभिः श्लिष्यन्तीभिर्मुहुर्मुहुः ।
अवाप्तगोपीदेहाभिः श्रुतिभिः कोटिकोटिभिः ।।

अर्को उक्ति अनुसार दण्डकारण्यवासी तपोधन मुनिहरू नै भगवत्सेवासुखको लालसाले गोपीभाव ग्रहण गरेर गोकुल व्रजमा प्रकट भएका थिए ।

पूर्वे महर्षयः सर्वे दण्डकारण्यवासिनः
गोपिकाभावमासाद्य प्रादुर्भूताश्च गोकुले ।।

यिनै चिन्मय आत्माहरू यहाँ गोपीसमूहको रूपमा सम्मिलित हुन्छन् । निश्छल, निर्मल, शान्त समाहित हृदय नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
वृन्दावनको रूपमा स्वीकारिएको छ। परमामृतवाहिनी सुषुम्णा नाडी नै कालिन्दीको रूपमा मानिएकी छिन्। धैर्य र दृढ निष्ठा नै कदम्बवृक्षको रूपमा वर्णित भएको छ। सम्पूर्ण आनन्दशक्तिको परम केन्द्र नै आह्लादशक्तिस्वरूपा श्रीराधा मानिएकी छिन्। परमानन्ददायिनी ब्रह्मविद्यामयी चित्शक्ति नै वंशीको रूपमा स्वीकारिएकी छिन्। यस प्रकार स्थूल भौतिक परिवेषभन्दा भिन्दै पूर्ण आध्यात्मिक परिवेषमा सम्पन्न भएको भगवान्को जीवमात्रमा आनन्द वितरण गर्ने दिव्यलीलाको रूपमा रासलीलाको वर्णन साधनाशास्त्रहरूले गरेका छन्। प्राकृत इन्द्रियसुखको संसर्गसम्म पनि यहाँ चर्चित छैन। रासलीलाको उपक्रमतिर ध्यान आकर्षित गर्दै परमहंसकुलचूडामणि श्रीशुकदेवस्वामी यस दिव्यलीलाको पूर्ण आध्यात्मिक स्वरूप बारे रासपञ्चाध्यायीको पहिलो श्लोकमा भन्नुहुन्छ– "भगवान्ले पनि फक्रेका मल्लिका पुष्पहरूद्वारा मनोरम बनेका शरद् ऋतुका ती रातहरूलाई देखेर योगमायाको आश्रय लिई विहार गर्ने इच्छा गर्नुभयो।

भगवानपि ता रात्रीः शरदुत्फुल्लमल्लिकाः
वीक्ष्य रन्तुं मनश्चक्रे योगमायामुपाश्रितः ॥

(श्रीमद्भा. १०/१/२९)

शरद् ऋतुमा मल्लिकाको फूल फक्रिनु सामान्य प्रकृतिको नियमभित्र पर्दैन। यस दिव्य लीलामा प्रकृति स्वयं दिव्यरूप-मा क्रियाशील बनेकी छिन्। योगमायाको विशिष्ट शक्तिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
यहाँ योगिश्वरका लीलालाई न लोकातीत रूपमा प्रस्तुत गरेको छ । रासको सम्पूर्ण परिवेश नै अप्राकृत छ ।

भगवान् श्रीकृष्ण सम्पूर्ण चराचर जगत्का आत्मा हुनुहुन्छ । आत्मा जगत्का सम्पूर्ण प्रियताको केन्द्र हुनाले जगत्का आत्मा भगवान् सम्पूर्ण विश्वजीवनका समष्टि आकर्षणकेन्द्र हुनुहुन्छ । जानी नजानी कोहीं ब्रह्म भनेर, कोही परमात्मा मानेर, कोहीं भगवान्को रूपमा, ईश्वरको रूपमा र अन्य विविध नामबाट स्वीकारेर, कोही चाहिं सुख र आनन्दको लिप्सा मनमा बोकेर प्रत्यक्ष–अप्रत्यक्ष रूपले भगवान्तिरै आकृष्ट हुन्छन् र निरन्तर भइरहेका छन् । सम्पूर्ण विश्वजीवनको केन्द्रविन्दु 'आनन्द' हो । आनन्दको पनि मूल भगवान् श्रीकृष्ण हुनुहुन्छ । सम्मोहनतंत्रमा भगवान् शंकरले पार्वतीलाई भगवान् श्रीकृष्णको यसै रूपको परिचय दिनुभएको छ । कैलासको मनोहर शिखरमा एक दिन ध्यान-परायण भगवान् शंकरलाई पार्वती सोध्छिन्– "भगवन् ! ब्रह्माण्डका स्वामी हजुर हुनुहुन्छ । सृष्टि र संहारका कारण हजूर नै हुनुहुन्छ । हजूरलाई नै ब्रह्मादि देवताहरू सधैं उपासना गरिरहन्छन् । तर आज हजूर स्वयं कसैको चिन्तन गरिरहनुभएको छ । प्रभो ! त्यो कुन तत्त्व हो ? जसको हजूर चिन्तन गर्दै हुनुहुन्छ ?" उत्तरमा गंभीर बन्दै भगवान् भूतभावन सदाशिव भन्नुहुन्छ– "पार्वती ! मैले चिन्तन गर्ने गरेको तत्त्व हो श्रीकृष्णतत्त्व । संसारको सार आनन्द हो तर आनन्दतत्त्वको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF
पनि सर्वस्व हो श्रीकृष्णतत्त्व । त्यो हुँदा श्यामल छ, कालो छ । तर त्यस कालालाई जसले मनमा राख्यो त्यसको जगतै उज्यालो हुन्छ । कालो भैकन त्यो त्यति उज्यालो छ । त्यस परम वेद्य सनातन ज्योतिको नै म सधैं चिन्तन गर्दछु ।

संसारसारसर्वस्वं श्यामलं महदुज्ज्वलम् ।
एतज्ज्योतिरहं वेद्यं चिन्तयामि सनातनम् ।।

यसरी श्रीकृष्णतत्त्वको स्वरूप बताएर भगवान् सदाशिव अगाडि भन्नुहुन्छ– "श्रीराधातत्त्वविना श्रीकृष्णतत्त्वको उपासना अधूरो हुन्छ । गौरतेज विना श्यामतेजको मात्र उपासना कहिल्यै गर्नुहुन्न । पार्वती ! श्रीराधाको साथ रहेर नै श्रीकृष्ण संसारका सारका पनि सार हुनुहुन्छ । त्यसैले राधा विना केवल श्रीकृष्णउपासना गर्ने दोषको भागी हुन्छ ।

गौरतेजो विना यस्तु श्यामतेजः समर्चयेत् ।
जपेद् वा ध्यायते वाऽपि स भवेत् पातकी शिवे ।।

आह्लाशक्तिस्वरूपा श्रीराधा भगवान् श्रीकृष्णकी आत्मा हुनुहुन्छ । उहाँको साथ नित्य विहार गर्ने हुनाले नै भगवान्-लाई आत्माराम भनिएको हो । देवी भागवतमा परब्रह्मस्वरूप भगवान् श्रीकृष्णको मूलप्रकृतिस्वरूपा चित्शक्ति एवं आह्लाद-शक्ति श्रीराधाका साथ हुने नित्य विहारको नाम नै रास हो भन्ने कुरा संझाइएको छ । यसरी देवी भागवतको भाषामा भन्दा मूल पुरुषोत्तम भगवान्को मूलप्रकृतिका साथ नित्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चलिरहने सृष्टिको उद्भव र विकासमा नित्य सहयोगी चिन्मय विलास नै रास हो भन्ने स्पष्ट हुन्छ ।

श्रीमद्भागवतको भावमय भाषामा रास भगवान्को कामदेवमाथिको विजयलीला हो । सृष्टिविस्तारको क्रममा सेवा पुऱ्याएकोमा कामदेव भगवान् श्रीकृष्णका कृपापात्र थिए । तर ब्रह्माजी, सदाशिव, इन्द्र आदि देवगणमाथि विजयी बनेकोमा उनलाई ठूलो अभिमान भइरहेको थियो । भगवान् त्यसको निवारण गर्न चाहनुहुन्थ्यो । जब त्यो दिव्य चिन्मय रास शुरु हुने वेला भयो, वसन्तको पूर्ण विकसित सुषमा सहित वृन्दावनमा आफ्नो प्रभाव जमाउने पूर्ण साधन-सामग्री उपलब्ध भएको देखेर कामदेव पुष्पधनुषमा पुष्पकै शरसन्धान गरेर भगवान्लाई जित्ने दुःसाहस गर्न लागे । तर योगेश्वर भगवान् श्रीकृष्णको दिव्यातिदिव्य अप्राकृत लोकोत्तर शक्तिको सामु उनी धनुष खिच्नेकै अवस्थामा स्तंभित भएर चित्रलिखित बन्न पुगे । केही वेरपछि होश आयो अनि क्षमा मागेर उनी विदा भए । "उत्तम्भयन् रतिपतिं रमयाञ्चकार" (श्रीमद्भा. २९/४६) "साक्षान्मन्मथमन्मथः" (श्रीमद्भा. ३२/२) इत्यादि भनेर परमहंसशिरोमणि श्रीशुकदेव स्वामीले स्पष्ट रूपमा यसको संकेत दिनुभएको छ । त्यसैले जसलाई आध्यात्मिक साधनाको क्षेत्रमा अलिकति पनि प्रगतिको कामना छ तिनले भगवान्का यी चिन्मय लीलाहरूलाई विकृत रूपमा सोच्नु हुँदैन । श्रीमद्भागवत मूर्धन्य व्याख्याता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैका गुरु टीकाकार आचार्य श्रीधर भन्नुहुन्छ– "तस्माद् रासक्रीडाविडम्वनं कामविजयख्यापनाय इत्येव तत्त्वम् । किञ्च शृङ्गारकथापदेशेन विशेषतो निवृत्तिपरा इयं रासपञ्चाध्यायी ।" अर्थात् यो दिव्यलीला कामविजयको लीला हो र विषयनिवृत्ति नै यसको मूल लक्ष्य हो ।" त्यसैले त फलश्रुति बताउँदै श्रीशुकदेव स्वामीले सम्पूर्ण हृदयको रोगनिवारण एवं मानसविकृतिमाथि विजयप्राप्ति यस प्रसङ्गको फल हो भन्ने कुरा बताउनुभएको हो । "हृद्रोगमाश्वपहिनोत्यचिरेण धीरः ।"

(श्रीमद्भा. १०/३३/४०)

आधुनिक युगका महामनीषी, वैदिक धर्मका मूर्धन्य विद्वान् ब्रह्मलीन स्वामी श्रीहरिहरानन्द सरस्वती (श्रीकरपात्रीजी) भन्नुहुन्छ– 'तत्त्वमसि' भन्ने महावाक्यको व्याख्या नै रासलीला हो । 'तत्' पदले भगवान् श्रीकृष्ण र 'त्वं' पदले गोपिकाहरूको बोध हुन्छ । भगवान् पनि सच्चिदानन्दमय र गोपीहरू पनि सच्चिदानन्दमय अप्राकृत भएको हुनाले यस पावन लीलामा मर्यादाको उल्लंघनसम्बन्धी प्रश्न नै उठ्न सक्तैन ।" श्रीमद्भागवत परमहंससंहिता भएकोले यसमा परमहंसहरूको निमित्त अनुसरणीय साधनासामग्रीहरूकै यत्र तत्र प्रतिपादन भएको छ । रास पनि परमहंसहरूकै साधनासंपत्ति हो । अप्राकृत आध्यात्मिक रहस्यले भरिएको ब्रह्म र प्रकृतिको नित्य विलास हो रासलीला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब यौगिक प्रक्रियातिर दृष्टि दिऔं। योगेश्वर भगवान् श्री कृष्ण सम्पूर्ण योगीहरूका परम ध्येय हुनुहुन्छ। 'रास' योग प्रक्रियाकै एउटा प्रतीकात्मक अभिव्यक्ति हो। भगवान् श्रीकृष्ण योगप्रतिपादित ईश्वरतत्त्व हुनुहुन्छ। गोपीहरू मनमा उठिरहने अनन्त अनन्त चित्तवृत्तिहरू हुन्। श्रीराधा मूल शक्तिरूपा कुण्डलिनी हुन्। ब्रह्मरन्ध्रमा रहेको सहस्रार-चक्रमा पूर्ण परब्रह्म भगवान् श्रीकृष्ण रहनुहुन्छ। मूलाधार चक्रमा चित्शक्तिस्वरूपा कुलकुण्डलिनी रहन्छिन्। परब्रह्म र चित्शक्तिको मिलन प्रसङ्ग नै रास हो। योगसाधना अनुसार मूलाधार चक्रमा तीन फन्को परेर सर्पको आकारमा कुण्डलिनी शक्तिको निवास हुन्छ। साधनाद्वारा जब कुण्डलिनी जागृत हुन्छिन् अनि तत्त्वज्ञानका सम्पूर्ण द्वारहरू उन्मुक्त हुन्छन् र समस्त चित्तवृत्तिहरू परब्रह्मतर्फ अभिमुख हुन्छन्। वृन्दावन नै सहस्रार चक्र हो, त्यहीं परब्रह्मको निवास छ। श्रीराधा जब श्रीकृष्णतर्फ अभिमुख हुन्छिन् उनको प्रमुखतामा सम्पूर्ण गोपसुन्दरीहरू भगवदुन्मुख हुन्छन्। रासको मूल कथासार यही हो।

रासलीला कुण्डलिनीजागरणसँगै सम्पूर्ण चित्तवृत्तिहरूको परब्रह्मप्रतिको अभिमुखता हुने योगप्रक्रियाकै प्रतीकात्मक व्याख्या हो। मुरलीको नाद नै अनाहत चक्रमा योगीहरूले नित्य श्रवण गर्ने मङ्गलमय श्रुतिसारभूत प्रणव हो। मुरली-ध्वनिरूप प्रणवको स्वर सुन्नासाथ चित्तवृत्तिरूपा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोपसुन्दरीहरू परब्रह्म पुरुषोत्तम भगवान्सँग मिलनको आशा लिएर अगि बढ्दछन् । जब शक्तिस्वरूपा कुण्डलिनीसँगै जागृत भएर चित्तवृत्तिहरू ब्रह्मसँग मिल्दछन् अनि योगीलाई परमात्माको दर्शन हुन्छ । त्यसैले योगीहरूको हृदयमा नित्य रासलीला चलिरहन्छ । वास्तवमा भगवान्को दिव्य चिन्मय लीलालाई भौतिक आँखाले हेरेर केवल मानवीय भूमिकावाट मूल्याङ्कन गर्न खोज्नु आध्यात्मिक साधनाप्रेमी-हरूको निमित्त अनुकूल हुँदैन । यसवाट साधनामा वाधा पुग्दछ । चीरहरण लीला जीवमात्रको भववन्धन हरिदिने अनन्त करुणासागर परम दयालु भगवान्को अहैतुक कृपामय दिव्य लीला हो । मानिसले यस्ता लोकोत्तर भगवल्लीलाहरूको अनुकरण गर्नु पनि हुँदैन । भगवान्ले यसो गर्नुभएको थियो, हामी पनि त्यसो गर्छौं भन्ने ठान्नु पनि अनर्थको कारण हुन्छ । प्रत्येक आत्मसाधकले यस कुरामा ध्यान दिनु आवश्यक छ ।

श्रीकृष्ण: शरणं मम ।
जीवजगत्को आश्रय यै हो श्रीकृष्ण: शरणं मम ।।

जब जब जर्जर बन्दछ जीवन कर्मशक्ति सब क्षीण भई
जब जब दुःखित बन्छौ मानव वैभव बलले हीन भई
कर्मयोगको मंत्र लिई भन श्रीकृष्णः शरणं मम ।। श्रीकृष्णः

सत्य धर्मको अवहेलन भैं जब निष्ठुरता फैलिन्छ
सुन्दरताको सिर्जन गर्ने भाव यहाँ जब मैलिन्छ
करुणामय भैं नित्य तिमी भन श्रीकृष्णः शरणं मम ।।श्रीकृष्णः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
विषम भावना बढ्न गई जब शान्तिचेतना बेलिन्छ
भेददृष्टिको तमले मानव मोहजालमा जेलिन्छ
निश्छल मनले शान्त भई भन श्रीकृष्णः शरणं मम ।। श्रीकृष्णः

जब सङ्कटका बादल आई अन्धकार छरिदिन्छन्
शङ्का संशय दुविधा आई मन आन्दोलित गरिदिन्छन्
गीतामृतको पान गरी भन श्रीकृष्णः शरणं मम ।। श्रीकृष्णः

साधनाका पारखीहरूको यही शाश्वत सन्देश छ–

जयति स रासविहारी ।
चिन्मयगोपीपरिकरसंवृतनिर्मलसुखमाधारी ।। जयति

मानसविकृतिनिवारणमहितो जीवजगद्धितकारी
शान्त–समाहित–हृदयसरोरुह–निवसनसद्रुचिकारी ।। जयति

धैर्यकदम्बसमन्वितसुन्दरमानसविपिनविहारी
परमामृतरससारसुनिर्मलकालिन्दीतटचारी ।। जयति

हामी रासलीलाबारे अझ सोचौं । यो दिव्य लीला कुनै पुरुषविशेषले, स्त्रीविशेषहरूसित, समय विशेषमा गरेको इतिहासले अतीतमा थन्क्याएको लीला होइन । यो केवल द्वापरयुगमा भएको लीला होइन । यो त सच्चिदानन्दघन परात्पर पूर्ण परब्रह्म परमात्माको रसमय शाश्वत लीला हो । यो सधैं चलिरहन्छ । क्षणक्षणं–पलपल चलिरहेको छ । रासको अर्थ के हो ? रासको अर्थ हो सम्पूर्ण रसहरूको समूह । "रसानां समूहो रासः ।" रसरूप भगवान्ले आफूबाटै असंख्य रसहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्भव गराई जीवजगत्को परम कल्याणको निमित्त आफ्नो कृपाप्रसादको वितरणको निम्ति गर्ने मङ्गलमय लीला हो रासलीला । ब्रह्मपुराण, ब्रह्मवैवर्तपुराण, पद्मपुराण, हरिवंश-पुराण आदिमा अङ्कुरित र पल्लवित बन्दै श्रीमद्भागवत-महापुराणमा आएर पूर्ण विकसित बनेर काञ्ञिएको रासलीलाको प्रसङ्ग जुन आध्यात्मिक पृष्ठभूमिमा वर्णन गरिएको छ त्यसको मर्म नबुझी यस चिन्मय लीलाको अर्थ लाग्दैन । सबैभन्दा पहिले सोच्नुपर्ने कुरा छ यस लीलाको गान जहाँ भयो त्यो स्थान थियो पतितपावनी भगवती भागीरथीको तट । वक्ता हुनुहुन्थ्यो स्त्रीत्व र पुंस्त्वको भेददृष्टिसम्म पनि थाहा नभएका परमहंसशिरोमणि श्रीशुकदेव स्वामी । श्रोता थिए विषयहरूबाट पूर्ण निवृत्त भएर सात दिनको साधनाद्वारा प्रभुलाई प्राप्त गरेर धन्य धन्य बन्न अत्यन्त लालायित, शरीरको सुधबुध नभएका महाभागवत राजर्षि परीक्षित । जसका समक्ष यो चिन्मय लीला गाइयो ती थिए तपोधन, वैराग्यमूर्ति ऋषिहरू । यी सबै स्थितिलाई दृष्टिगत गरेर सोच्नु आवश्यक छ । अनिमात्र यस अप्राकृत लीलाको सही अर्थ लाग्दछ ।

अब रासलीला र चीरहरण यी दुइटै कृपामय लीलाहरूको चिन्तनबाट प्राप्त हुने महत्तम उपलब्धिबारे, फलबारे परमहंसशिरोमणि श्रीशुकदेव स्वामीकै श्रीमुखको उद्गार सुनौं । उहाँ भन्नुहुन्छ– परमपुरुषोत्तम भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्णले व्रजवधूहरूका साथमा गरेको यस अप्राकृत लीलालाई जसले श्रद्धासाथ सुन्दछ अथवा जसले श्रद्धासाथ वर्णन गर्दछ त्यसलाई भगवान्मा अत्यन्त दृढतासाथ पराभक्ति प्राप्त हुन्छ र त्यस धीर व्यक्तिका मनका सम्पूर्ण विकाररूप रोगहरू तुरुन्त नष्ट हुन्छन् ।

विक्रीडितं व्रजवधूभिरिदं च विष्णो
र्यः श्रद्धयानुश्रृणुयादथ वर्णयेद्यः ।
भक्तिं परां भगवति प्रतिलभ्य कामं
हृद्रोगमाश्वपहिनोत्यचिरेण धीरः ॥ (श्रीमद्भा. १०/३३/४०)

त्यस्तो तीर्थमय ठाउँमा, त्यस्ता वीतराग तपोमूर्तिहरूको समुदायमा गाइएको, त्यस्ता वक्ताले सुनाएको, त्यस्ता श्रोताले सुनेको यस्तो फलश्रुति भएको रासलीलालाई कसैले सांसारिक धरातलमा उतारेर इन्द्रियसुखको परिप्रेक्ष्यमा प्रस्तुत गर्न खोज्छ भने त्यो केवल आँखा चिम्लाई हुन्छ, आध्यात्मिक साधनाप्रतिको वितृष्णा हुन्छ र आन्तरिक परिशुद्धिप्रतिको उदासीनता हुन्छ ।

पहिले नै उल्लेख भएअनुसार भगवान् श्रीकृष्णको स्वरूप दुई भूमिकामा अभिव्यक्त भएको छ महापुरुष श्रीकृष्ण र परमतत्त्वरूप श्रीकृष्ण । महापुरुष श्रीकृष्णबाट धर्मसंस्थापन, न्यायको रक्षा एवं मर्यादापरिपालनको निमित्त भएका लोक-संग्रहमूलक लीलाहरू अनुकरणीय छन्, अनुसरणीय छन् । तर चीरहरण एवं रासलीला जस्ता अलौकिक लीलाहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
परमहंसशिरोमणि श्रीशुकदेव स्वामीले आह्लादिनी शक्तिका स्वामी आफ्ना परमाराध्य सर्वेश्वर भगवान् श्रीकृष्णको अलौकिक तात्त्विक चिन्तन प्रस्तुत गर्नुभएको छ ।

यिनलाई मानवीय भूमिकामा हेरेर यिनको अनुकरणपट्टि लाग्नु हुँदैन । यी लीलाहरू मनको विकार हटाउनको निमित्त चिन्तन, मनन र ध्यान गर्न योग्य छन् । स्वयं यिनको अनुकरण कल्याणकारी हुँदैन । यस सीमालाई, मर्यादालाई संझेर व्यवहार गर्न जानेमा जीवमात्रको कल्याण हुन्छ । यदि मानिस कालिया नागजस्तै विषधर महासर्पसंग खेल्न सक्तछ भने, भगवान् श्रीकृष्णले वनमा दन्केको दावानललाई पिएजस्तै आगाका मुस्लालाई निउन सक्तछ भने, व्रह्माको मानभङ्ग गर्न भगवानले आफूवाटै हजारौं वाच्छा र वालसखा प्रकट गरेझैं मानिस पनि गर्न सक्तछ भने र हजारौं गोपीहरूसंग त्यति नै रूप लिएर भगवानले आफ्नो अनन्तता प्रकट गरेझैं मानिस पनि अनेकौं रूपमा एकैचोटी व्यक्त हुन सक्तछ भने मात्र यी चिन्मय अप्राकृत लीलाको अनुकरणपट्टि सोच्ने धृष्टता गर्न मिल्दछ । नत्र परमतत्त्वरूप भगवान् सर्वेश्वरका भूमिकामा मात्र संभव हुने यी अतिमानवीय लीलाहरूको अनुकरण गर्न खोजेमा मानिसलाई साधनापराध लाग्दछ ।

अनन्तकोटि ब्रह्माण्डका अनन्तकोटि जीवात्माहरूका अनन्तकोटि मनभित्र समान रूपले स्पन्दित भइरहने शाश्वत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकांक्षा हो आनन्दप्राप्तिको आकांक्षा । भगवान् श्रीकृष्ण आनन्दका नित्य निकेतन हुनुहुन्छ । आनन्दको त्यस परम केन्द्रवाट जीवमात्रको कल्याणको निमित्त प्रेमप्रसादको वितरण गर्ने दिव्य लीला नै रासलीला हो । जीवमात्रको परमानन्दप्रतिको आकर्षण नै रासलीलाको मूल प्रेरक हो । कुनै समयमा, कुनै स्थानमा भएर वन्द भएको प्रसङ्ग यो होइन । क्षण–क्षण चलिरहने, सम्पूर्ण सृष्टिचक्रको सम्पुष्टिका निमित्त परम रसरूप भगवान्वाट प्रदान हुने वात्सल्य नै रास हो ।

भगवान् श्रीकृष्ण परिवर्तनशील संसारचक्रका अपरिवर्त्य आधार हुनुहुन्छ । प्रत्येक चल वस्तु कुनै अचल वस्तुको सहारामा घुमिरहेको हुन्छ । गाडाका चक्का गुडिरहन्छन् । तर ती चक्काहरूलाई एउटा नघुम्ने धूराले आधार दिइरहेको हुन्छ । त्यै धूराको आधारमा गाडाका चक्काको घुमाई अडेको हुन्छ । धूरा पनि घुमिदिने हो भने गाडाको गति वन्द हुन्छ । परमात्माको अचल अपरिवर्त्य एकरस परमान्दमय स्वरूपको आश्रय लिएर सम्पूर्ण जीवजगत् जानी नजानी आनन्दको आशा लिएर भगवान्को वरिपरि घुमिरहेको हुन्छ । जीवमात्रको आनन्दप्रतिको यो आकर्षण नै रास हो । यही रास कहिलेकाहीं व्यक्त रूपमा प्रकट हुन्छ । तर अव्यक्त अवस्थामा अखण्डित रूपले रास अहिले पनि चलिरहेको छ । सुखका यावत् अनुभूतिहरू सुखसिन्धुरूप महारासका विन्दुहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
मात्र हुन् ।

भगवत्तत्त्व चिन्तनबाट प्राप्त हुने सुखको लालसाले प्रतिदिनको चिन्तन क्रममा हामी यहाँ जेजति सुखानुभूति गरिरहेका हुन्छौं त्यो पनि रासकै आंशिक अनुभूति हो । आऔं रासविहारी योगेश्वर भगवान् श्रीकृष्णलाई सम्झौं । आनन्दका सर्वोच्च केन्द्र, परमघरसन योगेश्वर श्रीकृष्ण । आल्हादशक्तिका स्वामी नित्य रासविहारी श्रीकृष्ण । अनन्त सौन्दर्य, अनन्त माधुर्य, अनन्त करुणा, अनन्त वात्सल्य, अनन्त ज्ञान, धर्म र सौशील्यका निकेतन श्रीकृष्ण । सकलशास्त्रप्रतिपाद्य परमतत्त्वरूप योगेश्वर श्रीकृष्ण । समस्त योगीहरूका परमध्येय योगेश्वर श्रीकृष्ण । जीवमात्रका हृदयसञ्चारी सर्वसाक्षी सर्वाधार श्रीकृष्ण । साधकहरूका मन, बुद्धि, चित्त र अहंकारका परिशोधक परमकृपामूर्ति श्रीकृष्ण । त्यसैले सन्त महात्माहरू, साधक मनीषीहरू सधैं जपिरहन्छन्–

वंशीविभूषितकरान्नवनीरदाभात् पीताम्बरादरुणविम्बफलाधरोष्ठात्
पूर्णेन्दुसुन्दरमुखादरविन्दनेत्रात्कृष्णात्परंकिमपि तत्त्वमहं न जाने।।

–श्रीमधुसूदन सरस्वती

Gधो/वि/वे ५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमृता सिंह

अमृता

अमर कोहली

२५८०

अमृत वचन

एषा बुद्धिमतां बुद्धि र्मनीषा च मनीषिणाम् ।
यत् सत्यमनृतेनेह मर्त्येनाप्नोति माऽमृतम् ।।

श्रीमद्भा. ११/२९/२२

एषा बुद्धिमता

अर्थ– सम्पूर्ण सृष्टि मरणशीलै मरणशील र नाशवानै नाशवान वस्तुले भरिएको छ । तर जानेमा तिनै असत्य, नाशशील वस्तुको उपयोग गरेर मानिसले सत्य एवं अमृतस्वरूप म परमात्मालाई प्राप्त गर्न सक्तछ । यही नै बुद्धिमान्हरूको बुद्धि हो र समझदारहरूको समझदारी पनि हो ।

– भगवान् श्रीकृष्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu